जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ • अंक ३३७ • २०८३ साल बैशाख २३ गते बुधबार (6 May, Wednesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## एमआरपी स्टिकर टाँसेर शुरू भयो जाँचपास

**टुडे समाचारदाता**

जनकपुरधाम । वैशाख १५ अघि आयात भएर भन्सार यार्ड र गोदाममा थन्किएका व्यापारिक सामानमा अधिकतम खुद्रा मूल्य (एमआरपी) को स्टीकर टाँसेर दुई दिनदेखि वीरगञ्ज भन्सार कार्यालयद्वारा भन्सार जाँच पास शुरू गरिएको छ । तर अहिलेसम्म पनि कोशी प्रदेशको विराटनगरमा शुरु नभएको व्यवसायीहरुले गुनासो गरेका छन् ।

एमआरपी उल्लेख नभएका व्यापारिक सामानमा स्टिकर टाँसेर भन्सार जाँचपास भइरहेको वीरगञ्ज भन्सार प्रमुख अर्जुन न्यौपानेले जानकारी दिए ।

वैशाख १५ अघि आयात भएर भन्सार यार्ड र गोदाममा थन्किएका व्यापारिक सामानमा एमआरपी स्टिकर टाँसेर धमाधम जाँचपास भइरहेको उनले बताए । उनले पछिल्लो समय आलु र प्याजका बोरामा पनि एमआरपी उल्लेख हुन थालेको छ ।

वीरगञ्ज भन्सार एजेन्ट संघका अध्यक्ष राजमान तामाङले पनि भन्सार यार्ड र गोदाममा थन्किएका व्यापारिक सामानमा एमआरपीको स्टिकर टाँसेर जाँचपास भइरहेको बताए ।

यता विराटनगर भन्सारमा भने जाँचपास हुन सकेको छैन । भन्सार एजेन्टले एमआरपी स्टिकर टाँसेर सामान जाँचपास गराउँछु भन्दा पनि भन्सार प्रशासनले अटेर गरेर दुख दिएको आरोप लगाएका छन् ।

तर प्रमुख भन्सार अधिकारी उमेश श्रेष्ठले एमआरपी स्टिक टाँसेर नभइ एमआरपी घोषणा गरेर मात्र भन्सार जाँचपास हुने बताए ।

त्यस्तै भन्सार एजेन्ट संघले विराटनगर भन्सार प्रशासनले अन्यत्र भइरहेको प्रक्रियालाई वेवास्ता गर्दै व्यापारीलाई दुख दिइरहने कायमै रहेमा औद्योगिक कच्चा पदार्थको पनि भन्सार जाँचपास बन्द गर्ने चेतावनी दिएको छ ।

अधिकतम खुद्रा मुल्य (एमआरपी) भन्सार विन्दुमा अनिवार्य लागु गर्ने सन्दर्भमा प्रधानमन्त्री र अर्थमन्त्रीको स्वार्थ बाभिँदा भारत र तेस्रो मुलुकबाट आयात गरिएका व्यापारिक सामानको एक सातादेखि भन्सार जाँचपास हुन नसकेको व्यवसायीले आरोप लगाएका थिए । तर विराटनगरमा भने कहिल्यैदेखि शुरु हुने भन्नेमा अन्योल कायमै रहेको छ ।

### अवैध असुली जनमतको प्रमुख समस्या

# बहुमतले गरेको निर्णय विपरीत यादव र कुशवाहा सरकारमा

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय दलको मान्यता गुमाइसकेको जनमत पार्टीले मधेश प्रदेशमा सरकारबाट समर्थन फिर्ता लिने निर्णय सहितको पत्र प्रदेश प्रमुख सुरेन्द्र लाभलाई बुझाएको छ ।

यस सम्बन्धमा प्रदेश प्रमुखको कार्यालयले औपचारिक रुपमा कुनै सूचना प्रवाह गरेको छैन् ।१२ जना सांसद रहेको मधेश प्रदेशमा जनमत पार्टीका दुई तिहाइभन्दा सांसदहरुले सरकारबाट समर्थन फिर्ता लिएको पत्र बुझाएको दलका नवनियुक्त नेता चन्दन सिंहले जनाएका छन् । तर सरकारमा अर्थ मन्त्री रहेका महेश यादवले सरकारबाट समर्थन फिर्ता नलिएको पत्र प्रदेश प्रमुखलाई बुझाएका छन् ।

जनमत पार्टीबाट महेश यादव अर्थमन्त्री र वसन्त कुशवाहा सामाजिक तथा खेलकुद मन्त्री छन् ।उनीहरु दुबै जनाले चरम आर्थिक अनियमितता गरेको सिंह पक्षले आरोप लगाएको छ ।पार्टी अध्यक्ष सी के राउत समेतको समर्थन रहेको चन्दन सिंह समूहले मन्त्रीहरु पार्टी नीति विपरीत रहेको बताएका छन् ।

'सरकारबाट समर्थन फिर्ता लिने निर्णय पार्टीले गरिसकेपछि मन्त्री रहिरहनु नैतिक कार्य होइन्' उनले भने, उनीहरुको कारण नै सरकारबाट समर्थन फिर्ता लिन पार्टी बाध्य भएको छ ।

राष्ट्रिय पार्टी नरहे पनि जनमतमा सांसदहरुलाई ह्विप लाग्ने छ ।प्रदेशमा दल मान्यता प्राप्त रहेकोले निर्वाचन आयोगको कानुन प्रभावित हुने प्रदेश सभा सचिवालयले जनाएको छ ।

सप्तरी जिल्लाबाट निर्वाचित रहेका सांसद महेश यादवलाई विकास बिरोधीको आरोप लाग्दै




आएको छ ।उनी शिक्षा मन्त्री रहेको बेला मधेश कृषि विश्वविद्यालयको भवन शिलान्यासमा अवरोध गरेका थिए ।जनमत पार्टीबाट मुख्यमन्त्री बनेका सतीश सिंहको कार्यकालमा सो विश्वविद्यालय र मधेश विश्वविद्यालय वीरगञ्जलाई १०/१० रुपैयाँ मात्र बजेट विनियोजन गरिएको र यादव अर्थमन्त्री भएपछि झन आर्थिक समस्या थपिएको छ ।

कमिसन बिना बजेट निकासा नदिने आरोप मन्त्रालयका सचिवहरुले नै लगाएका छन् ।मन्त्री कुशवाहाले मन्त्रालयबाट सोझै योजनाको उपभोक्ता बनाउने पत्र बिक्री गरिरहेको आरोप त्यहाँका कर्मचारीहरुले लगाएका छन् ।नाम उल्लेख नगर्ने शर्तमा एकजना कर्मचारीले भने, 'मन्त्री स्वयंले कमिसन लिने र पत्र बाँड्ने काम गरिरहेका छन् ।हामीलाई कमिसन र योजनाको पत्रसित कुनै सरोकार नरहेको उनीहरु बताउँछन् ।

कमिसनको पसल मुख्यमन्त्री कृष्णा यादवले पनि चलाइरहेका छन् ।उनी मुख्यमन्त्री भएदेखि प्रदेशमा कुनै नौलो योजना अथवा कार्यक्रम सरकारले ल्याएको छैन् ।कमिसनमा योजना बेच्ने बाहेक मुख्यमन्त्रीले काम नगरेको आरोप सत्तासाझेदार जनता समाजवादी पार्टी(जसपा)नेपालका नेताहरुले पनि लगाएका छन् ।

मधेश प्रदेशका प्रथम मुख्यमन्त्री लालबाबु राउतले सरकारको सबै अवैध कामहरुमा जसपा नेपाल पनि जोडिएकाले आगामी दिनमा संगठनमा नकारात्मक प्रभाव पर्ने स्विकारेका छन् ।'जसपा नेपाल पनि सरकारमा रहेकोले त्यसको सबै गुण,दोषको भागीदार भएको छ 'उनले भने, सरकारमा रहने अथवा हट्ने विषयमा पार्टीले निर्णय गरेको छैन् ।तर सरकारमा भइरहेको अनियमितताको दोषबाट जसपा नेपालपनि जोगिन सक्दैन् ।

'सत्ता गठबन्धनको विषयमा दलका नेता सरोज कुमार यादवले परिस्थितिलाई नियाँलि रहेका छन्' उनले भने, तर एमालेको समर्थनमा सरकारको नेतृत्व गर्ने धेरै लाभकारी नहुन सक्छ ।

जसपा नेपालले सरकारबाट समर्थन फिर्ता लिने निर्णय गरेको पत्र मंगलवार नै प्रदेश प्रमुखलाई बुझाउने तयारी गरेको थियो ।स्रोतहरुका अनुसार दल भित्र सहमति हुन नसकेको कारण समर्थन फिर्ताको पत्र प्रदेश प्रमुखलाई बुझाइएको छैन् ।

सरकारबाट जनमत पार्टीले समर्थन फिर्ता लिएकोले मुख्यमन्त्री यादवलाई विश्वासको मत लिनु पर्ने बाध्यता छ । अन्यथा नभए उनले जेठ २२ गते भित्र नै विश्वासको मत लिनुपर्ने हुन्छ ।

तत्काल सरकारको नेतृत्व परिवर्तन नभए पनि मुख्यमन्त्री यादवले विश्वासको मत पाउन कठिन हुने लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का एकजना सांसदले बताए । सरकार टिकाउन जसपा नेपालको समर्थन अनिवार्य रहेको बताउँदै उनले भने, अब मुख्यमन्त्री यादवले जसपा नेपालको समर्थन प्राप्त गर्ने सम्भावना समाप्त भएको छ ।

लोसपाका उपमहासचिव रहेका पूर्व प्रदेश सांसद परमेश्वर साहले भ्रष्टाचारमा चुर्लुम्म डुबेको सरकारलाई बोकेर अब अगाडि जान नसक्ने बताएका छन् ।'जसपा र लोसपा समायोजनको प्रक्रियामा रहेको छ ' उनले भने, त्यस लगतै सरकारबाट जसपा बाहिरिने छ ।

## निजी विद्यालयमा पाठ्यपुस्तकको नाममा मनपरी , फितलो अनुगमन

**किरण कर्ण**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाका निजी विद्यालयहरुले पाठ्यपुस्तकको नाममा मनपरी गरिरहेको पाइएको छ । उपमहानगरपालिकाको फितलो अनुगमनका कारण केही निजी प्रकाशक, स्थानीय पुस्तक बिक्रेता र विद्यालय सञ्चालकहरूको मिलेमतोमा अभिभावकहरुसंग चर्को मूल्य लिनका लागि मापदण्ड विपरीतका पाठ्यपुस्तक समावेश गरी अध्यापन गराइरहेको तथ्य फेला परेको छ ।

भर्नाअभियानचलिरहँदाउपमहानगरपालिकाले निजी विद्यालयहरुमा अनुगमनलाई तीव्रता दिएको छ । तर पनि नेपाल सरकार र पाठ्यक्रम विकास केन्द्रले तोकेको मापदण्ड विपरीत स्वीकृति नै नलिएका तथा अतिरिक्त विषयका पाठ्यपुस्तकहरु पनि सहजै रुपमा पठनपाठन हुने गरेको पाइए पनि कुनै किसिमको कारबाही नगरिएको अभिभावकको गुनासो छ ।

यद्यपि जनकपुरधाम उपमहानगरपालिकाका शिक्षा शाखाका प्रमुख अञ्जु पाण्डेले पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको मापदण्ड अनुकूलकै पाठ्यपुस्तकहरु अध्ययन अध्यापन गराउनका लागि पनि अनुगमन गर्ने काम भइरहेको बताइन् । उनले अनुगमनको मान्यता विपरीतका पुस्तकहरु पठनपाठन भएको पाइएमा कारबाही गर्ने बताइन् ।

जनकपुरधाम उपमहानगरपालिकाले अधिकांश निजी विद्यालयमा अनुगमन गरिरहँदा पनि ती विद्यालयले भने बेवास्ता गर्दै पाठ्यक्रम विकास केन्द्रको मापदण्ड विपरीतका ३ देखि ५ वटा पुस्तकहरु अवैधानिक तवरमा पाठ्यक्रमकै रुपमा अध्ययन अध्यापन गराइरहेका छन् । सो पुस्तक अभिभावकहरुले चर्को मूल्य तिरेर भए पनि आ-आफ्ना विद्यार्थीलाई अध्ययनका लागि किन्ने गरेका छन् ।

नेपाल सरकार र पाठ्यक्रम विकास केन्द्रले तोकेको मापदण्ड विपरीत स्वीकृति नै नलिएका तथा अतिरिक्त विषयका पाठ्यपुस्तकमा ५०० प्रतिशतसम्मभन्दा बढी मूल्यमा समेत बिक्री-वितरण भइरहेको छ ।

विगतमा जनकपुरधाम उपमहानगरपालिकाभित्रका विद्यायलमा पाठ्यपुस्तकमा एकरुपताको माग गर्दै पुस्तक व्यवसायीहरु आन्दोलित थिए । सो आन्दोलन केही ठूला पुस्तक व्यवसायीका कारण मत्थर भएपछि पालिकासमेत अहिले गुपचुप रुपमा अनुगमनको नाममा मोटो कमिसन उठाउनमा व्यस्त रहेको आरोप पुस्तक व्यवसायी र अभिभावले लगाउन थालेका छन् ।

'साना पुस्तक व्यवसायीहरुले निजी विद्यालयका पुस्तक बिक्री गरे पनि सबै पुस्तक कहिल्यै पाउँदैनन्, जसले गर्दा भएभरको पुस्तकहरुसमेत अभिभावकले किन्न आनाकानी




गरिरहन्छन् । तर सोही पुस्तक विद्यालयले रोजेको पुस्तकालयमा भने सबै पुस्तक सहजै तर, महँगो मूल्यमा अभिभावक किन्न बाध्य छन्', एक पुस्तक व्यवसायीले भने । पुस्तक व्यवसायीका अनुसार जसले गर्दा विद्यायलदेखि पालिकासम्मले मोटो कमिसनबाट बाँडफाँट गर्ने गरेको बेलाबखत सो आरोप लाग्ने गरेको देखिन्छ ।

जनकपुरधामका केही सीमित पुस्तक बिक्रेताले विद्यालयहरूमा विगत झैँ अहिले पनि परम्परागत रुपमै सिन्डिकेट कायमै रहेको देखिन्छ । विद्यार्थी संख्याको आधारमा विद्यालयहरूलाई २० देखि ४० प्रतिशतसम्म मोटो कमिसन दिएर बिक्रेताहरूले आफ्नै पसलमा मात्र पाइने किताबहरू विद्यालयको सूचीमा राख्न लगाउने गरेका छन् । यसको प्रत्यक्ष मारमा भने अभिभावक परेका छन् । विद्यालयले लागु गरेका पाठ्यपुस्तकहरू तोकिएकै पसलबाट किन्नुपर्ने बाध्यताका कारण अभिभावकहरू सरकारले तोकेको भन्दा कैयौं गुणा बढी मूल्य तिर्न विवश छन् ।

पाठ्यक्रम विकास केन्द्रको नियमानुसार पाठ्यपुस्तकको मूल्य निर्धारण गर्दा ए फोर साइजको रंगीन पुस्तकको प्रतिपृष्ठ १ रुपैयाँ ५० पैसा र सोभन्दा सानो साइजको १ रुपैयाँ ४५ पैसा कायम हुनुपर्ने व्यवस्था गरिएको छ । केन्द्रले मुख्य विषयका लागि मात्र स्वीकृति दिने गरेको छ । अतिरिक्त विषयको स्वीकृति लिन नपरे पनि मूल्य मापदण्ड भने अनिवार्य रूपमा पालना गर्नुपर्ने नियम छ । तर बजारमा भेटिएका भारतबाट प्रकाशित र नेपालका केही निजी प्रकाशनका किताबहरूको मूल्य अस्वाभाविक रूपले उच्च रहेको छ । नर्सरी, एलकेजी, यूकेजीका साना बालबालिकालाई खेल र मनोरञ्जनका आधारमा सिकाइ गराउनुपर्ने सरकारी नीति रहे पनि नाफाखोर प्रकाशकहरूले नर्सरी, एलकेजी र यूकेजीका बालबालिकाका लागि समेत महँगो किताब किन्न बाध्य पारेका छन् ।

विभिन्न विद्यालयमा पुस्तक सूची अनुसार अक्सफर्ड पब्लिकेसन, पूजा पब्लिकेसन, दृश्यम पब्लिकेसनलगायतका पुस्तकले साना कक्षाका पुस्तकहरूमा चर्को मूल्यमा बिक्री गरेको फेला परेको छ ।

त्यस्तै जनकपुरधामभित्र सफल प्रकाशन, सम्पदा प्रकाशन र लर्नमोर प्रकाशन लगायतका दर्जनौं प्रकाशनका पुस्तकहरू कयौ गुणा बढी मूल्य राखेर बिक्री भइरहेका छन् । सोचनीय कुरा यो छ कि यी सबै प्रकाशनका किताबहरू बजारमा जताततै नपाइ जनकपुरको एउटा निश्चित पसलमा मात्रै पाइने सेटिङ मिलाइएको छ ।

जनकपुरधाम उपमहानगरपालिका अन्तर्गतको शिक्षा समितिका सदस्यसमेत रहेका एनप्याबसन जनकपुरधाम समितिका अध्यक्ष दीपक ठाकुरले पालिकाले थालेको अनुगमनको क्रममा केही विद्यायलहरु मापदण्ड विपरीतका पुस्तकहरुसमेत अध्ययन गराइरहेको पाइएकाले सचेत गर्दै तत्काल सो पुस्तक हटाउनका लागि पालिकाले आदेश दिएको दाबी गरे । केही पुस्तकहरु अवैधानिक रुपमा अध्ययन अध्यापन भइरहेको पाइएकाले पहिलोचरणमा सम्बन्धित विद्यालयलाई सचेत गराउने कार्य भइरहेको र आदेश विपरीत कार्य गरेको पाइएमा जनकपुरधाम उपमहानगरपालिकाले कारबाही प्रक्रिया अघि बढाइएको उनको भनाइ छ ।

जनकपुरका सानादेखि ठूला विद्यालयले कक्षा १ देखि ७ सम्म 'अक्सफोर्ड' को अंग्रेजी किताबलाई अनिवार्य जस्तै बनाइएको पाइएको छ । उक्त पुस्तकमा केन्द्रले तोकेको भन्दौ कयौं गुणा बढी मूल्य राखिएको त छँदै छ, अर्को गम्भीर ठगी पनि फेला परेको छ । बजारमा अक्सफोर्डको नयाँ संस्करण आइसके पनि कमिसनको सेटिङ मिलाएका बिक्रेताहरूले अभिभावकलाई पुरानै संस्करणका पुस्तकहरू किन्न बाध्यात्मक अवस्था सिर्जना गरेका छन् ।

उपमहानगरपालिकाभित्र खुलेआम ठगी भइरहँदा पनि कारबाही गर्ने निकाय भने पूर्ण रूपमा मौन देखिएको छ ।यता सरकारले राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लाई समयसापेक्ष पुनरावलोकन गर्ने भएको छ ।




# तरकारी बजार सञ्चालनको तयारी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका १ मा व्यवस्थित तरकारी बजार सञ्चालनका लागि आवश्यक तयारी शुरु गरिएको छ ।



अव्यवस्थित रुपमा सडक किनारमा भइरहेको तरकारी बिक्रीलाई व्यवस्थापन गरी सुरक्षित, स्वच्छ र सहज बजार वातावरण निर्माण गर्ने उद्देश्यसहित काम अगाडि बढाइएको हो ।

बजार व्यवस्थापन नगरको प्राथमिकतामा रहेको बताउँदै उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहले यसले स्थानीय किसान, व्यवसायी तथा उपभोक्ता सबैलाई प्रत्यक्ष लाभ पुऱ्याउने विश्वास व्यक्त गरेका छन् । व्यवस्थित बजारले यातायात व्यवस्थापनमा सहजता ल्याउनुका साथै शहरको सौन्दर्यसमेत अभिवृद्धि गर्ने उनले बताए ।

बजार व्यवस्थापनका लागि प्रशासनको पूर्ण साथ रहने उल्लेख गर्दै कानुनी मापदण्ड अनुसार काम अगाडि बढाउनुपर्नेमा प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले जोड दिएका छन् ।

वडाध्यक्ष दीप नारायण यादवले स्थानीयस्तरमा देखिएका समस्या समाधान गर्दै बजार व्यवस्थापनलाई सफल बनाउन आफूहरू प्रतिबद्ध रहेको बताए । उनले व्यवसायीहरूलाई निश्चित स्थानमा व्यवस्थित रूपमा व्यापार गर्न आग्रह गरे ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक गणेश बहादुर बमले बजार व्यवस्थापनमा सुरक्षा निकायले आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । उनले भने 'सडक अतिक्रमण हटाउने, ट्राफिक व्यवस्थापन मिलाउने तथा शान्ति सुरक्षा कायम राख्न प्रहरी सक्रिय रहनेछ ।'

# स्थलमार्ग भएर नेपाल आउने पर्यटकवाहक सवारीसाधनको दर्ता 'अनलाइन'बाटै

काठमाण्डु । सरकारले भारतीय पर्यटक तथा भारत भएर नेपाल भित्रिने अन्य देशका पर्यटकलाई सहजीकरण गर्न 'अनलाइन' सेवा सुरु गरेको छ ।



अर्थ मन्त्रालय मातहतको भन्सार विभागले स्थलमार्ग भएर नेपाल भित्रिने विदेशी सवारीसाधनले अनलाइनबाटै विवरण भर्न र राजस्व तिर्न सक्ने प्रणाली विकास गरेर सञ्चालनमा ल्याएको हो । उक्त प्रणालीको एक कार्यक्रमबीच अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शुभारम्भ गर्नुभयो ।

नयाँ प्रणाली सञ्चालनमा आएसँगै अब नेपालमा सवारीसाधन लिएर भित्रिने भारतीय पर्यटक तथा तेस्रो मुलुकका पर्यटकले अनलाइनबाटै आफ्नो विवरण र राजस्व तिर्न सक्नेछन् । यसअघि भन्सार नाकामा आएर यस्ता सवारीसाधनले भौतिक रूपमा अस्थायी इजाजत लिनुपर्ने व्यवस्था थियो ।

साथै, नेपाल यात्राकै क्रममा यात्रा अवधि सकिए नवीकरणका लागि भन्सार नाकामै पुग्नुपर्ने वा जरिवाना तिर्नुपर्ने अवस्था थियो । तर, नयाँ अनलाइन प्रणाली सुरु भएसँगै अब नेपाल भित्रिने पर्यटकले आफ्नो सवारीसाधनको इजाजतपत्र घरैबाट अनलाइनमार्फत भरेर अनलाइनबाटै पैसा तिरेर बिना झन्झट नेपाल घुम्न आउन सक्छन् । नयाँ अनलाइन सहजीकरण सेवाको शुभारम्भ गर्दै अर्थमन्त्री डा वाग्लेले सीमा क्षेत्रमा पर्यटकले पाउने सास्ती अब हट्ने बताउनुभयो ।

"सरकारले अनुसरण गरेको सुशासन र छरितो गुणस्तरीय सार्वजनिक सेवा दिने घोषणा कार्यान्वयनका क्रममा यो कार्य सुरु गरिएको हो," अर्थमन्त्री डा वाग्लेले भन्नुभयो, "पर्यटकलाई कुनै कठिनाइ नहोस् । सरकारी सेवा छिटो र छरितो होस् भन्ने हामी चाहन्छौँ ।"

नयाँ प्रणाली सुरुआत गर्दै भन्सार विभागका महानिर्देशक श्यामप्रसाद मैनालीले नेपाल भित्रिने पर्यटक बोकेका विदेशी सवारीसाधनको इजाजत अब 'डिजिटल' भएको बताउनुभयो । उहाँका अनुसार अब नेपाल प्रवेश गर्ने यात्रु तथा पर्यटकले प्रयोग गर्ने विदेशी सवारीसाधनसम्बन्धी विवरण अनलाइनमै स्वयं घोषणा गर्न सक्नेछन् । जसले प्रक्रिया थप पारदर्शी र प्रभावकारी बनाउनेछ ।

नेपाल सरकारलाई तिर्ने राजस्व पनि त्यस्ता पर्यटकवाहक सवारीले अनलाइनबाटै वा बैङ्क काउन्टरबाट तिर्न सक्छन् । अनलाइनबाट पैसा तिरेका गाडीले भन्सारमा आफ्नो 'इमेल'मा प्राप्त 'क्यूआर कोड' देखाएरै नेपाल छिर्न सक्ने उहाँको भनाइ छ । यसरी प्राप्त हुने क्यूआर बोकेर पर्यटकवाहक सवारी आफ्नो गन्तव्यमा पुग्नसक्ने विभागले जनाएको छ ।

विभागका अनुसार यस्ता सवारीसाधनले आफ्नो यात्रा अवधि सकिएको खण्डमा पनि आफू रहेको नेपालस्थित ठेगानाबाट अनलाइनमार्फत नै यात्रा अवधि थप गर्न सक्नेछन् । यो सबै सेवा लिनका लागि भन्सार विभागको 'वेबसाइट'मा गएर हाम्रा सेवाहरू शीर्षकमा रहेको टिआइभी शीर्षकमा 'क्लिक' गर्नुपर्छ र त्यसबाट भित्र रहेको विवरण अनलाइनबाट भर्न सकिन्छ ।

सबै विवरण अद्यावधिक गरिसकेपछि अन्तिममा ग्राहकलाई विवरण सबै खुल्ने क्यूआरकोड प्राप्त हुन्छ । सोको आधारमा आफूले तिर्नुपर्ने शुल्क तिरेर सवारीसाधनहरू नेपाल भित्रिन सक्छन् । नेपालभरका सडकमा त्यस्ता सवारीले सोही क्यूआर कोड देखाएको खण्डमा यात्रा गर्न पाउँछन् ।

विभागका अनुसार नेपाल राष्ट्रिय एकद्वार प्रणालीमार्फत नेपाल भित्रिने विदेशी नागरिकहरूलाई सहजता प्रदान गर्न अस्थायी सवारी आयात (टिआइभी) 'मोड्युल' विकास गरिएको हो ।

तत्कालका लागि यो सेवा नेपाल भित्रिने भारतीय तथा तेस्रो देशका पर्यटकले प्रयोग गर्ने सवारीसाधनका लागि लागू गरिएको भन्सार विभागले स्पष्ट पारेको छ । हाललाई चिनियाँ नाका भएर स्थलमार्गबाट चिनियाँ सवारीसाधनसहित पर्यटक आउने नगरेको र आएको खण्डमा उनीहरूका हकमा पनि यो सेवा रहेको विभागले जनाएको छ । तत्कालका लागि यो सेवाबाट भारत र बङ्गलादेशका पर्यटक लाभान्वित हुने विश्वास विभागको छ । रासस

# जाँचपास नहुँदा १४ सयभन्दा धेरै मालवाहक सवारी रोकिए

वीरगञ्ज । मुलुककै सबैभन्दा धेरै वस्तु तथा सामान आयात हुने वीरगन्ज भन्सारको सेवा प्रवाह एक सातादेखि प्रभावित भएको छ ।

भन्सार विन्दुमा आउने वस्तुमा अनिवार्य अधिकतम खुद्रा मूल्य (एमआरपी) कार्यान्वयन गर्न खोज्दा एक सातादेखि अत्यावश्यक पेट्रोलियम पदार्थ, औद्योगिक कच्चा पदार्थ र तरकारी तथा फलफूल बाहेक अन्य वस्तु तथा सामानको भन्सार जाँचपास हुनसकेको छैन ।



गत वैशाख १५ गतेदेखि आयात तथा निर्यातकर्ता भन्सार जाँचपास प्रक्रियामा सहभागी भएका छैनन् । जसका कारण भारतको रक्सौलतर्फ मालवाहक सवारीसाधन रोकिने क्रम बढ्दो छ ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले दैनिक दुई सयभन्दा धेरै मालवाहक सवारीसाधन थपिने भएकाले पनि औसतमा एक हजार चार सय हाराहारीका सवारीसाधन जाँच प्रक्रिया रोकिएको बताए ।

"हामी त भन्सार जाँचपासको प्रक्रिया गराउन तयार छौँ । तर, आयातकर्ता भन्सार जाँचपास गर्न्ने फाराम भर्नेदेखि घोषणा गर्नेसम्मका प्रक्रियागत कार्यमा सरिक नहुँदा भन्सार जाँचपास रोकिएको हो", उनले भने, "भन्सार विभागले आवश्यक समन्वय गरिरहेको छ ।

छिट्टै यो समस्या अन्त्य हुने अपेक्षा राखेका छौँ ।" गत वैशाख १५ गतेदेखि आयातित एवं निर्यात गरिने सामग्रीको अधिकतम खुद्रा मूल्य (एमआरपी) लागू गर्ने निर्णय भएको थियो । तर, सो प्रावधानको आयातकर्ता तथा निर्यातकताले विरोध जनाउँदै आइरहेका छन् ।

वीरगन्जको एकीकृत सुरक्षा भन्सार जाँचचौकीको व्यवस्थापनको जिम्मेवारी पाएको टीआरएस हिमालयन लर्जी पार्क प्रालिका इन्चार्ज गणेश घिमिरेले भन्सार जाँचपास नहुँदा भारतीय सडकमा समेत मालवाहक सवारीसाधनको लाइन लागेको बताए । "अहिले देखिएको समस्या जतिसक्दो छिटो समाधान होस् भन्ने चाहाना छ", उनले भने ।

वीरगञ्ज भन्सार कार्यालयले दैनिक ५० देखि ६० करोड रुपैयाँसम्म राजस्व सङ्कलन गर्दै आएको छ । वीरगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले यो समस्या लामो समयसम्म रहँदा राज्य र व्यवसायी दुवैलाई फाइदा नहुने भएकाले आवश्यक समन्वय गरेर टुङ्ग्याउन अनुरोध गरे । रासस

# बीपी राजमार्ग अनिश्चितकालको लागि दैनिक १२ घण्टा बन्द

**टुडे समाचारदाता**

जनकपुरधाम । जोखिम बढेसँगै काभ्रेस्थित बीपी राजमार्गको भकुण्डेबेँसी-खुर्कोट खण्ड अनिश्चितकालका लागि बन्द गरिएको जनाइएको छ ।

काभ्रेका प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले मंगलबारदेखि नै बाटो बन्द गर्न गरिएको जानकारी दिए । उनले अब अर्को सूचना जारी नहुँदासम्म साँझ ५ देखि बिहान ५ बजेसम्म दैनिक १२ घण्टा राजमार्ग बन्द गरिने बताए ।

सोमबार बीच बाटोमा पुगेर एउटा गाडी बिग्रिएपछि नै अरु गाडी पनि फसेको र गाडी बनाउँदा बनाउँदै बाढी आएको भन्दै उनले त्यो अवस्था फेरि उत्पन्न नहोस भन्नको लागि यो निर्णय गरिएको उनले बताए ।

उनले भने, 'अहिलेको मौसम पनि कतिबेला पानी पर्छ भन्ने टुङ्गो नलाग्ने खालको छ । जसका कारण बाढीको जोखिम उच्च छ ।

सडक पनि कच्ची भएकाले यो सडक यात्राको लागि असुरक्षित छ । त्यही भएर हामीले राति गाडी चलाउन बन्द गर्यौं ।,' उनले भने, 'अब मौसम विज्ञान विभागले तत्काल पानी पर्दैन भनेपछि वस्तुस्थिती हेरेर मात्रै थप निर्णय गर्छौं ।'

एक्कासी आएको बाढीका कारण सोमबार बीपी राजमार्ग अवरुद्ध हुँदा सयभन्दा बढी सवारीसाधन अलपत्र परेका थिए ।

ती सवारीसाधनलाई अस्थायी डाइभर्सन बनाएर मंगलबार काठमाण्डु पठाइएको उनको भनाइ छ । त्यस्तै बाढीमा फसेका ८९ जनालाई सोमबार राति उद्धार गरिएको थियो ।

# मधेशमा बालिकासहित तीन जनाको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशका विभिन्न जिल्लामा भएका छुट्टाछुट्टै सडक दुर्घटनामा परी एक बालिकासहित तीन जनाको मृत्यु भएको छ ।

मधेश प्रदेशको सर्लाही, महोत्तरी र सिराहामा भएका यी सवारी दुर्घटनामा परि पैदलयात्री र चालकले ज्यान गुमाएका छन् ।



सर्लाहीको बागमती नगरपालिका-२ स्थित धरहरा चोकस्थित सडकमा भएको हो । सोमबार बेलुकी बीआर ३३ बीएफ ७८२१ नम्बरको भारतीय मोटरसाइकलले पैदल हिँडिरहेका स्थानीय ७५ वर्षीय हरि बहादुर अधिकारीलाई ठक्कर दिएको थियो । मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका अधिकारीलाई तत्काल उपचारका लागि बारास्थित एलएस न्यूरो अस्पताल पुऱ्याइएको थियो । उनको उपचारकै क्रममा अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ। ठक्कर दिने मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएर कानुनी कारबाही अगाडि बढाएको छ ।

त्यस्तै महोत्तरीको बर्दिबास नगरपालिका-४ स्थित लक्ष्मी खोलाको पूर्वपट्टी रहेको सडक खण्डमा अर्को दुर्घटना भएको छ । सोमबार राति प्र.२-०२-००१ त २१०८ नम्बरको ट्र्याक्टर अनियन्त्रित भई सडकमै पल्टिएको थियो। उक्त दुर्घटनामा परेर ट्र्याक्टर चालक बर्दिबास नगरपालिका-५ गढन्ता टोल बस्ने २६ वर्षीय अनिल कार्कीको घटनास्थलमै मृत्यु भएको छ । तीव्र गतिका कारण ट्र्याक्टर अनियन्त्रित भएको हुनसक्ने प्रहरीको अनुमान छ ।

त्यस्तै दुःखद दुर्घटना सिराहाको सिराहा नगरपालिका-१७ मा भएको छ। माडर चोकबाट भन्सार कार्यालयतर्फ जाँदै गरेको प्र.२-०१-००४ प ९३४७ नम्बरको मोटरसाइकलले पैदल हिँडिरहेकी ३ वर्षीया बालिका अलीना खातुनलाई ठक्कर दिएको थियो। सोमबार बिहान भएको उक्त दुर्घटनामा परि गम्भीर घाइते भएकी सिराहा नगरपालिका-१६ माडर बस्ने महमद अजातकी छोरी अलीनालाई तत्काल न्यूरो अस्पताल जनकपुर लगिएको थियो।

उपचार सम्भव नभएपछि थप उपचारका लागि विराटनगरतर्फ लैजाने क्रममा मंगलबार बाटोमै उनको मृत्यु भएको हो। दुर्घटना लगतै मोटरसाइकल चालक फरार भएकाले सिरहा प्रहरीले उनको खोजी कार्य तीव्र बनाएको छ ।


## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. धनुषा पब्लिक स्कुलको गेटमा Parking गरिराखेको अवस्थाबाट मिति २०८३/०१/२१ गते करिब दिउँसो ०१:३० बजे म.प्र. ०२-०१० प ५७१३ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DHXPSD22141 चेचिस नम्बर MD2A11CX5SPD76054 को बजाज कम्पनीको Pulser 150 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः राम ललित ठाकुर**
**ठेगानाः इनर्वा–९, धनुषा**
**मो.नं. ९७४३९३०९८३**


# राष्ट्रपति पौडेलद्वारा वैशाख २८ गते संसद् अधिवेशन आह्वान

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले यही वैशाख २८ गतेका लागि सङ्घीय संसद्को दुवै सदनका अधिवेशन आह्वान गर्नुभएको छ ।

उहाँले सोमबार दिउँसो २:०० बजे सङ्घीय संसद् भवन, सिहंदरबारमा बैठक बस्ने गरी दुवै सदनका अधिवेशन आह्वान गर्नुभएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले एक विज्ञप्तिमार्फत जानकारी दिनुभयो ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा, ९३ को उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति यही वैशाख २२ गतेको सिफारिसमा सदनको अधिवेशन आह्वान गर्नुभएको हो । रासस

# विदेश पठाउने नाममा लाखौँ ठगी गर्ने तीन जना पक्राउ

काठमाण्डु । प्रहरीले वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिने भन्दै लाखौँ रकम ठगी गर्ने तीन जनालाई पक्राउ गरी मंगलबार सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेहरूमा काठमाण्डु बूढानीलकण्ठ नगरपालिका-९ बस्ने सोलुखुम्बु सोलुदूधकुण्ड नगरपालिका-१ घर भएका ३१ वर्षीय शक्ति राई, काठमाडौँ बूढानीलकण्ठ नगरपालिका-११ बस्ने सिन्धुपाल्चोक पाँचपोखरी गाउँपालिका-१ घर भएकी ३९ वर्षीया विमला दोङ र काठमाडौँ गोकर्णेश्वर नगरपालिका-५ बस्ने ३१ वर्षीय रोशन तामाङ रहेका उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पक्राउ परेकामध्ये शक्तिले न्युजिल्यान्ड पठाइदिन्छु भन्दै रु एक लाख ९५ हजार, विमलाले अजरबैजान पठाइदिने भन्दै रु १३ लाख ६० हजार तथा रोशनले क्यानडा पठाइदिने भन्दै रु २४ लाख लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीका आधारमा पक्राउ गरिएको हो ।"

उनीहरूलाई काठमाण्डुका विभिन्न स्थानबाट पक्राउ गरी आवश्यक अनुसन्धान तथा कारबाहीका लागि मंगलबार वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौँ पठाइएको प्रवक्ता कार्कीले बताउनुभयो । रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | निजी धनको सदुपयोग गर्ने दिन हो । शिक्षामा गरेको लगानी बढ्नेछ । |
| वृष : | आज तपाईले अरुलाई काम लगाएर फाइदा लिनुपर्ने दिन छ । |
| मिथुन : | परिवारसंग सल्लाह गरेको कामबाट मात्र फाइदा हुनेछ । |
| कर्कट : | आम्दानी भए पनि सदुपयोग नहुँदा मिहिनेतको फल प्राप्त नहुन सक्छ । |
| सिंह : | बुद्धिको प्रयोग गरेर जीवनलाई अगाडि बढाउनु राम्रो हुन्छ । |
| कन्या : | आफन्तबाटै काममा अवरोध हुन सक्छ। |
| तुला : | धेरै जनाको चित्त बुझाउने काम गर्दा आफूलाई घाटा हुनेछ । |
| वृश्चिक : | आफू भित्रको खुशी भुलेर बाहिर खुशी खोज्दा निराश हुनुपर्नेछ । |
| धनु : | परिवार र प्रेम सम्बन्ध सुमधुर बन्नेछ । |
| मकर : | थोरै बोलेर धेरै काम गर्नुपर्नेछ । बिहानै शिवको भजन सुन्नु राम्रो हुनेछ । |
| कुम्भः | सकारात्मक ठाउँमा शानिदेव भए उन्नतिको अवसर मिल्नेछ । |
| मीनः | आँटका काम बन्नेछन् । प्रेम सम्बन्ध सुमधुर बन्नेछ । आज शुभ दिन छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सहकारी बचतकर्ताको रकम जेठ पहिलो सातादेखि फिर्ता गरिने



काठमाण्डु । सरकारले समस्याग्रस्त सहकारीको बचतकर्ताको रकम जेठ पहिलो सातादेखि फिर्ता गर्ने भएको छ।

गत वैशाख ९ गतेदेखि काम थालेको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सहकारी र बचतकर्ताको आवश्यक विवरण सङ्कलन गरेर बचत रकम फिर्ता गर्ने तयारी गरेको हो।

समितिले गरेको अध्ययनअनुसार समस्याग्रस्त सहकारीका करिब ७६ हजार बचतकर्ताको करिब रु ४६ अर्ब बचत फिर्ता गर्नुपर्ने छ। तीमध्ये अधिकांश साना बचतकर्ता रहेको समितिले जनाएको छ।

पाँच लाखभन्दा कम रकम बचतकर्तालाई साना बचतकर्ता र पाँच लाखभन्दा बढी रकम बचतकर्तालाई ठूला बचतकर्ताका रूपमा वर्गीकरण गरिएको छ। कुल ७६ हजारमध्ये पाँच लाखभन्दा बढी बचत गर्ने जम्मा १८ हजार रहेको समितिका सदस्यसचिव रविन ढकालले जानकारी दिनुभयो।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री प्रतिभा रावलले बचत फिर्ताका लागि धेरै काम भइसकेको र अब फिर्ता गर्ने काम सुरु हुने जानकारी दिनुभयो। "सहकारी बचतकर्ताको रकम फिर्ता गर्नेबारे धेरै काम गरिसकेका छौं। साना बचतकर्ताको रकम पहिले फिर्ता गर्छौं," उहाँले भन्नुभयो।

समितिले आफ्नो कार्यविधि तय गर्दै 'बचत फिर्ता कार्य आरम्भ गर्ने र कर्जा असुलीमा प्राथमिकता दिने नीति अबलम्बन गरिने' जनाएको छ। समितिले मागदाबीकर्ता बचतकर्ताको बचत फिर्ता गर्ने कार्य आगामी जेठको पहिलो हप्ताबाट आरम्भ हुने र मागदाबी छुट भएका बचतकर्ताको पुनः मागदाबी गर्ने समय आगामी साउनको पहिलो हप्तामा खुला गरिने जनाएको छ।

समितिका अनुसार नेपाल सरकारबाट चक्रीय कोषमा विनियोजित रकम सम्बन्धित समितिको कोषबाट नपुग हुन गएमा सापटीका रूपमा मात्र खर्च गरिने पनि स्पष्ट पारिएको छ। समितिका सदस्यसचिव ढकालले कर्जा असुलीका लागि समितिले कानुनबमोजिम कठोर नीति अबलम्बन गर्ने जानकारी दिनुभयो। रासस

## उन्नाइस जिल्लामा हुलाकको घरमै सेवा :
# राहदानी, लाइसेन्स, शैक्षिक प्रमाणपत्रलगायत कागजात ढुवानी




काठमाण्डु । सरकारले सार्वजनिक सेवा प्रवाहलाई घरदैलोमै पुऱ्याउने उद्देश्यसहित सुरु गरेको सरकारी कुरियर सेवा विस्तार क्रममा उल्लेखनीय प्रगति भएको देखिएको छ। हुलाक सेवा विभागका अनुसार हालसम्म १९ जिल्लाबाट यो सेवा सञ्चालनमा आइसकेको छ।

गत चैत १३ गते सरकारले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी १०० दिने कार्यसूचीअन्तर्गत हुलाक सेवालाई आधुनिकीकरण गर्दै सरकारी कुरियर सेवाका रूपमा विकास गर्ने लक्ष्य राखिएको थियो।

उक्त योजना कार्यान्वयनका लागि सञ्चार तथा सूचना प्रविधिमन्त्री डा बिक्रम तिमिल्सिनाले सम्बन्धित निकायहरूसँग यसको कार्यप्रगति र देखिएका समस्याका सन्दर्भमा निरन्तर समन्वय तथा छलफल गरिरहनुभएको छ। सञ्चार मन्त्रालयका अतिरिक्त प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय र मातहतका निकायहरू पनि सक्रियतापूर्वक लागिरहेका छन्।

हुलाक सेवा विभागका महानिर्देशक मनमाया भट्टराई पँगेनीका अनुसार कार्यक्रम सुरु भएपछि हालसम्म तीन हजार १३१ वटा राहदानी सम्बन्धित जिल्लासम्म ढुवानी गरिएको छ। तीमध्ये ६६७ वटा राहदानी सेवाग्राहीको घरमै पुगेर वितरण भइसकेको विभागले जनाएको छ। यसले नागरिकलाई राहदानी प्राप्त गर्नका लागि जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यतालाई घटाउँदै सेवा प्रवाहलाई सहज बनाएको देखिन्छ।

विभागका अनुसार काठमाण्डु, गुल्मी, डडेलधुरा, झापा, सिन्धुपाल्चोक, कालीकोट, मकवानपुर, बझाङ, कास्की, मोरङ, धनकुटा, बैतडीलगायत १९ वटा जिल्लासँग यस्तो सेवाका लागि सम्झौता भइसकेको छ भने अन्य जिल्लामा पनि विस्तारको प्रक्रिया अगाडि बढाइएको छ। अहिले सबै जिल्ला प्रशासन कार्यालयहरूले राहदानीका लागि आवेदन दिँदा नै सेवाग्राहीको ठेगाना सङ्कलन कार्य सुरु गरिसकेको महानिर्देशक पँगेनीले बताउनुभयो। यसले भविष्यमा वितरणलाई अझ व्यवस्थित बनाउने उहाँको भनाइ छ।

राहदानीसँगै अन्य सरकारी सेवाहरू पनि हुलाकमार्फत घरदैलोमा पुऱ्याउने काम तीव्र पारिएको छ। हालसम्म २६० वटा शैक्षिक प्रमाणपत्र वितरण भइसकेको छ भने स्वास्थ्य क्षेत्रमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला सँगको सहकार्यमा १४ वटा प्रयोगशाला नमूना ढुवानी गरिएको छ। सुर्खेत, बाँके, काठमाडौँलगायत जिल्लाबाट प्रयोगशाला नमूना ढुवानी थालिएको हो।

यातायात सेवामा पनि हुलाक प्रणालीको प्रयोग उल्लेखनीय रूपमा विस्तार भएको छ। विभागका अनुसार मङ्गलबार दिउँसो ३:०० बजेसम्म दुई लाख ९६ हजार ५४५ वटा सवारी चालक अनुमतिपत्र सम्बन्धित यातायात कार्यालयहरूमा पठाइसकिएको छ। मोरङ, कास्कीलगायत जिल्लाबाट यातायात कार्यालयसँग समन्वय गरी लाइसेन्स घरमै पुऱ्याउने सेवा पनि सुरु गरिएको छ।

हुलाक सेवा विभागले सेवा विस्तारसँगै संस्थागत सुधारका कामहरू पनि अघि बढाएको जनाएको छ। नेपाल टेलिकम सँग सहकार्य गरी सिमकार्ड घरमै पुऱ्याउने सेवा चाँडै सुरु गर्ने तयारी गरिएको छ।

त्यस्तै, मध्यपश्चिम विश्वविद्यालयसँग प्रश्नपत्र, उत्तर पुस्तिका तथा प्रमाणपत्र ढुवानी कार्य सुरु भइसकेको छ। शैक्षिक प्रमाणपत्र ढुवानीका लागि नेपाल खुला विश्वविद्यालयसँग छलफल अघि बढेको छ।

प्रणालीगत सुधारतर्फ राहदानी विभागसँग प्रणाली अन्तरआवद्धता गर्न अध्ययन समिति गठन गरिएको छ भने महालेखा नियन्त्रक कार्यालयसँग प्रणाली एकीकरणका लागि पहल भइरहेको छ। साथै, प्रदेशस्तरका निर्देशनालय र जिल्ला कार्यालयहरूसँग सहकार्य गरी डाँक रेखा पुनरावलोकन तथा पोस्टल इन्टरनल ट्र्याकिङ सिस्टम (पिट्स) मा पोस्टल कोड स्तरोन्नति गर्ने कार्य पनि अगाडि बढाइएको विभागले जनाएको छ। रासस

# रक्षा मन्त्रालयको लक्ष्यअनुसार असी प्रतिशतभन्दा बढी प्रगति

काठमाण्डु। रक्षा मन्त्रालयको चालु आर्थिक वर्षको त्रैमासिक लक्ष्यअनुसार ८० प्रतिशतभन्दा बढी प्रगति देखिएको छ। मन्त्रालयको त्रैमासिक अवधिसम्मको प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको आज यहाँ भएको बैठकमा सो जानकारी दिइयो।

मन्त्रालयअन्तर्गत कोशी कोरिडोर (च्याम्ताङ-घोङ्ग्प्पा) सडक आयोजना, कर्णाली सडक आयोजना र बेनिघाट-आरुघाट-लार्केभञ्जाङ सडक आयोजनाको यस अवधिमा १०० प्रतिशत भौतिक प्रगति भएको देखिएको छ। त्यस्तै, महाकाली कोरिडोर (तुषारपानी-टिङ्कर) सडक आयोजनाको प्रगति ८२ दशमलव ९९ प्रतिशत र राष्ट्रिय चुरे संरक्षण कार्यक्रमको प्रगति ८० प्रतिशत




रहेको मन्त्रालयले जनाएको छ।

यसैगरी, मन्त्रालयअन्तर्गत काठमाडौँ-तराई/मधेस द्रूतमार्ग सडक आयोजनाको ३४ दशमलव चार प्रतिशत, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको ३५ दशमलव ७३ प्रतिशत र बङ्करदेखि ब्यारेक आयोजनाको प्रगति २३ दशमलव ५० प्रतिशत प्रगति रहेको छ।

प्रधानसेनापति अशोकराज सिग्देलले कोरिडोर निर्माणमा 'ट्र्याक' खोल्नका लागि आवश्यक बजेटको कमीले क्षमताअनुसार काम गर्न नसकिएको बताउनुभयो। साथै उहाँले आफूहरूको ध्यान द्रूतमार्ग आयोजना सम्पन्न गर्नमा बढी केन्द्रित रहेको उल्लेख गर्दै आयोजनामा देखिएका चुनौती समाधानका लागि वर्तमान परिस्थितिमा थप सहज हुने अपेक्षा गर्नुभयो।

कार्यक्रममा रक्षा मन्त्रालयका सचिव केदारनाथ शर्माले मन्त्रालयको प्रगति राष्ट्रिय तुलनामा सन्तोषजक भए पनि आयोजनामा देखिएका अन्य अवरोध तथा चुनौती रक्षा मन्त्रालय एक्लैले समाधान गर्न गाह्रो हुने हुँदा मन्त्रालयगत समन्वय र सहयोगको खाँचो औँल्याउनुभयो।

प्रतिरक्षा विश्वविद्यालयका अध्यक्ष बालानन्द शर्माले विश्वविद्यालय सञ्चालनका लागि तत्काल सो सम्बन्धी विधेयक अघि बढाउन र आवश्यक पहुँच मार्गको स्तरोन्नतिका लागि आग्रह गर्नुभयो। मन्त्रालयका सहसचिव कृष्ण पौडेलले प्रगति समीक्षासम्बन्धी प्रस्तुतीकरण गर्नुभएको उक्त कार्यक्रममा विभिन्न मन्त्रालयका प्रतिनिधिहरूले आवश्यक समन्वय र सहयोगका लागि प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। रासस

# किसानलाई मौसम तथा जलवायुसम्बन्धी सूचना




दमौली । तनहुँको म्याग्दे गाउँपालिकामा कृषि तथा जलवायु सूचना केन्द्र स्थापना हुने भएको छ।

स्थानीय समुदाय, विशेषगरी किसानहरूलाई समयमै मौसम तथा जलवायुसम्बन्धी सूचना उपलब्ध गराई जलवायु परिवर्तन न्यूनीकरण, अनुकूलन तथा सामना रणनीति अवलम्बन गर्न सहयोग पुऱ्याई स्थानीय समुदायको उत्थानशील एवं अनुकूलन क्षमता बढाउने उद्देश्यले गाउँपालिकामा कृषि तथा जलवायु सूचना केन्द्र स्थापना गर्न लागिएको हो।

उक्त कार्यका लागि म्याग्दे गाउँपालिका र श्रमिक बालबालिकाको सामाजिक एकीकरण मञ्च (चिल्ड्रेन-नेपाल) बीच सहमतिपत्रमा हस्ताक्षर गरिएको छ।

गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ र चिल्ड्रेन-नेपालका कार्यकारी

> सूचना डिजिटल बोर्ड, मोबाइल म्यासेज, फेसबुक र ह्वाट्सएप समूहमार्फत प्रसारण गरिने व्यवस्था मिलाइने अधिकारीले बताउनुभयो । उक्त केन्द्र एक महिनाभित्र सञ्चालनमा ल्याइनेछ ।

निर्देशक डिल्लीप्रसाद शर्माले उक्त सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको छ।

उक्त सूचना केन्द्रमार्फत नागरिकलाई मौसम पूर्वानुमान, वर्षा, खडेरी, हुरीबतास, असिनालगायत मौसमी घटनाबारे जानकारी उपलब्ध गराइनेछ।

साथै कृषि सल्लाह, चेतनामूलक सूचना र जलवायु जोखिम न्यूनीकरणसम्बन्धी जानकारी पनि नियमित रूपमा प्रसारण गरिने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो।

केन्द्रमार्फत किसानलाई जलवायु अनुकूल कृषि प्रविधि, जस्तै थोपा सिँचाइ, ग्रिन हाउस, टनेल खेती, मल्चिङलगायत विषयमा जानकारी दिइनेछ। यसले कृषि उत्पादन वृद्धि, खाद्यान्न आत्मनिर्भरता र जीवनस्तर सुधारमा टेवा पुग्ने विश्वास गरिएको अधिकारीको भनाइ छ।

गाउँपालिकाले केन्द्र सञ्चालनका लागि आवश्यक पूर्वाधार, जनशक्ति तथा सूचना व्यवस्थापनको जिम्मेवारी लिनेछ भने चिल्ड्रेन-नेपालले 'जलवायु उत्थानशील समुदाय परियोजना' अन्तर्गत रु दुई लाख सहयोग उपलब्ध गराउनेछ। साथै प्राविधिक सहयोग, चेतनामूलक सामग्री तयारी र प्रचारप्रसारमा पनि सहयोग गर्ने सहमतिपत्रमा उल्लेख छ।

जल तथा मौसम विज्ञान विभाग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग तथा गाउँपालिकाको कृषि तथा वातावरण शाखाबाट प्राप्त सूचनाहरूलाई केन्द्रमार्फत स्थानीयकरण गरी कृषकसम्म पुऱ्याइनेछ। सूचना डिजिटल बोर्ड, मोबाइल म्यासेज, फेसबुक र ह्वाट्सएप समूहमार्फत प्रसारण गरिने व्यवस्था मिलाइने अधिकारीले बताउनुभयो। उक्त केन्द्र एक महिनाभित्र सञ्चालनमा ल्याइनेछ। रासस

# पाहुनालाई कोसेली कोदोको बिस्कुट

मङ्गलबारे । इलामको माईजोगमाई गाउँपालिकाले रैथाने बाली संरक्षण गर्न कोदोको पिठोबाट बिस्कुट बनाउने पालिकावासीलाई अनुदान दिन थालेको छ। उपाध्यक्षसँग युवा यद्यमी कार्यक्रमअन्तर्गत पालिकाबासीलाई अनुदान दिन सुरु गरेको हो।

अनुदान पाएर हाल एक जना महिलाले गाउँपालिकाको नयाँबजारमा कोदो पिठोबाट बिस्कुट उत्पादन गर्न थाल्नुभएको छ। नयाँबजारकी पार्वती भट्टराईले कोदोको पिठोबाट बिस्कुट उत्पादन सुरु गर्नुभएको हो। 'ओभन मेसिन'मा पकाएर कोदोको पिठोबाट बिस्कुट उत्पादन सुरु गरेको उहाँको भनाइ छ।

उद्यमी भट्टराईले उद्योग नै सञ्चालन गरेर यसको उत्पादन सुरु गर्नु भएको हो। भट्टराई 'कोदोको बिस्कुट तथा बेकरी उद्योग' नाम दिएर उद्योग स्थापना गरेको उहाँले बताउनुभयो। तयारी कोदो फल्ने, पिस्ने र मह वा चिनी एवं केही मैदा मिसाएर गोलो आकारको बनाएर ओभन मेसिनमा पकाएपछि ड्रायरमा सुकाएर यसलाई तयार



गर्ने गरिएको छ। उत्पादन सुरु भरेको भर्खरै मात्र भएर हाल स्थानीय बजारका साथै घुम्न आउने पर्यटक र पाहुनाहरूले कोसेलीका रूपमा बिस्कुट लैजाने गरेको उहाँको भनाइ छ।

माईजोगमाई गाउँपालिकाद्वारा सञ्चालित उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रमअन्तर्गत अनुदानमार्फत आफूले सो उद्योग स्थापना गरेको सञ्चालक भट्टराईको भनाइ छ। कोदोको परिकार शक्तिवर्द्धक मानिन्छ। यसमा मिसाइने गुलियो या मह चिनी, उखुको खुदोले अझ मिठोपन दिने गर्दछ।

स ँ ग ै भट्टराईले पाउरोटीलगायतका परिकारसमेत निर्माण गर्ने गर्नुभएको छ। तयार गरेको कोदोको बिस्कुट उपभोक्ताले रुचाउने गरेको उहाँ बताउनुहुन्छ। स्वास्थ्यका लागि समेत राम्रो भएपछि यसलाई विस्तार गर्ने सोचमा रहेको सञ्चालक भट्टराई बताउँनुहुन्छ। मागका आधारमा बिस्कुट उत्पादन गरी बिक्री गर्दै आएकोसमेत उहाँको भनाइ छ।

ग ा उ ँ प ा ल ि क ा ल े सहयोग गरेको यो कार्यक्रमले स्थानीयस्तरमा कोदाको समेत 'ब्रान्डिङ' हुने अपेक्षा लिइएको गाउँपालिका अध्यक्ष कुशबहादुर थेबेले बताउनुभयो। उहाँले बिस्कुट बनाउन थालेपछि कोदोलाई 'ब्रान्ड' बनाउन सकिने सम्भावनादेखिको उल्लेख गर्नुभयो। पछिल्लो समय कोदोखेती गर्ने किसानको स~्या घट्दै गएपछि यसको उत्पादनसमेत कम हुँदै आएको छ। गाउँमै उद्योग स्थापना गरी बिस्कुट उत्पादन गरेर बजारीकरण गर्दा कोदो उत्पादन गर्ने किसानको स~्यासमेत वृद्धि हुने र उत्पादनसँगै किसानलाई फाइदा पुग्ने गाउँपालिका अध्यक्षको भनाइ छ।

उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रमले नेपालमा नै केही गर्न चाहने युवाहरूलाई सहयोग गर्ने गाउँपालिकाकी उपाध्यक्ष प्रवीना राईले बताउनुभयो। उहाँका अनुसार उद्योग स्थापना गर्न गाउँपालिकाले नै सहयोग गरेको छ। गाउँपालिकाले औजार खरिदमा सहयोग गरेको जनाइएको छ। विभिन्न वडामा रहेका युवाहरूलाई काममा जोड्न र आत्मनिर्भर बनाउन यो कार्यक्रम सञ्चालन गरेको जानकारी दिनुभयो।

उहाँले यो कार्यक्रम प्रभावकारी रूपमा अगाडि बढाउन सके गाउँपालिकाले थप सहयोग गर्ने बताउँदै व्यावसायिक तरिकाले काम गर्न सुझाव दिनुभयो। युवा तथा उद्यम गर्न चाहानेहरुले नयाँ र रचनात्मक हिसाबले काम गरे उद्योग सञ्चालकलाई मात्र नभएर सिङ्गो गाउँपालिकालाई नै फाइदा मिल्ने उहाँको भनाइ छ। वस्तु उत्पादनमा मात्र नभएर उत्पादित वस्तु बजारसम्म लैजानसमेत गाउँपालिकाको सहयोग आवश्यक छ। रासस

# बैक्त खाताको रकम चोरीका घटना बढ्दै, सचेत रहन साइबर ब्यूरोको आग्रह

काठमाण्डु। पछिल्लो समय बैङ्क खाताबाट रकम चोरी हुने घटनामा वृद्धि हुँदै गएको भन्दै नेपाल प्रहरी साइबर ब्यूरोले सर्वसाधारणलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

ब्यूरोका प्रवक्ता एवं प्रहरी उपरीक्षक दिलीपकुमार गिरिले आज जारी गरेको प्रेस विज्ञप्तिमा अज्ञात तथा आपराधिक गिरोहहरूले मोबाइल प्रयोगकर्ताहरूलाई लक्षित गरी ठगी गर्ने नयाँ तरिका अपनाइरहेको उल्लेख गरिएको छ।

ती गिरोहहरूले 'कनेक्ट आइपिएस' जस्ता सेवासँग मिल्दोजुल्दो नाम प्रयोग गरी विभिन्न मोबाइल नम्बरहरूबाट सन्देश पठाउने गरेको पाइएको विज्ञप्तिमा उल्लेख छ।

उक्त सन्देशमा 'तपाईंको खाता लक गरिएको छ' भन्दै पुनः पहुँच प्राप्त गर्न 'एक्सेस रिजन' गर्न आग्रह गरिन्छ र त्यसका लागि विभिन्न शङ्कास्पद लिङ्कहरू पठाइन्छन्। प्रयोगकर्ताले ती लिङ्कमा क्लिक गरेपछि व्यक्तिगत विवरण सङ्कलन गरी बैङ्क खातामा अनधिकृत पहुँच




पुऱ्याई ठूलो मात्रामा रकम चोरी गर्ने गरिएको साइबर ब्यूरोले जनाएको छ।

ब्यूरोले यस्ता साइबर अपराधबाट जोगिनका लागि केही महत्त्वपूर्ण सुझावहरू पनि दिएको छ। शङ्कास्पद लिङ्कहरूमा क्लिक नगर्ने, बैङ्किङ कारोबारका लागि सधैँ आधिकारिक 'वेबसाइट' वा 'एप' मात्र प्रयोग गर्ने, आफ्ना गोप्य बैङ्किङ विवरण कसैसँग पनि साझा नगर्ने तथा कुनै पनि संदिग्ध गतिविधि देखिएमा तत्काल प्रहरी, साइबर ब्यूरो वा सम्बन्धित बैङ्कमा जानकारी गराउन विज्ञप्तिमार्फत आग्रह गरिएको छ।

साइबर अपराधको जोखिम दिन प्रतिदिन बढ्दै गइरहेको सन्दर्भमा सचेतना र सावधानी नै सुरक्षित रहने प्रमुख उपाय भएको ब्यूरोले उल्लेख गरेको छ।

**साइबर ब्यूरोको नाम लिएर ठगी गर्ने चार जना पक्राउ**

साइबर ब्यूरो भोटाहिटीको टोलीले साइबर ब्यूरोको नाम लिएर अनलाइन घोटाला (ठगी) गर्ने गरेको अभियोगमा चार जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा धनकुटा साँगुरीगढी गाउँपालिका-३ का ३० वर्षीय दीपक लिम्बू, सुनसरी धरान उपमहानगरपालिका-९ का २१ वर्षीय सौरव भुजेल, सोही उपमहानगरपालिका-१३ का २८ वर्षीय सजल राई तथा सुनसरी इनरुवा नगरपालिका-६ का २४ वर्षीय सृजन थापा रहेका प्रहरी प्रधान कार्यालय साइबर ब्यूरो भोटाहिटीका प्रवक्ता एवं प्रहरी उपरीक्षक दिलीपकुमार गिरीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "साइबर ब्यूरो भोटाहिटीको नाम दुरूपयोग गरी ट्रूकलरमा समेत साइबर ब्यूरो देखिने बनाई पीडितलाई फोन सम्पर्क गरी डर, त्रास तथा प्रलोभनमा पारी रकम पठाउन लगाई बिद्युतीय माध्यम सम्बद्ध ठगी कार्य भएको भनी पीडित व्यक्तिहरूको निवेदनका आधारमा उनीहरूलाई पक्राउ गरिएको हो।"

प्राविधिक अनुसन्धान तथा विश्लेषणबाट उक्त कार्यमा निज चार जनाको संलग्नता खुल्न आएकाले साइबर ब्यूरोबाट खटिएको टोलीले इलाका प्रहरी कार्यालय, धरानको समन्वय एवं सहयोगमा पक्राउ गरेको ब्यूरोले जनाएको छ। पक्राउ परेका चारै जनाविरुद्ध विद्युतीय माध्यम सम्बद्ध ठगीअन्तर्गतको कसुरमा जिल्ला अदालत काठमाडौँबाट चार दिनको म्याद थप गरी अनुसन्धान कार्य भइरहेको प्रवक्ता गिरीले बताउनुभयो। रासस

# साहसिक र मनोरञ्जनात्मक खेल सञ्चालनका लागि अनिवार्य इजाजत लिनुपर्ने

काठमाण्डु । पर्यटन विभागले साहसिक र मनोरञ्जनात्मक खेल सञ्चालनका लागि इजाजतपत्र लिन आग्रह गरेको छ।


विभागका सूचना अधिकारी हिमाल गौतमले आज एक विज्ञप्ति जारी गरी बञ्जी जम्पिङ, स्वीङ, क्यानोनिङ, स्काई डाइभिङ, जिपलाइन, जिपकोस्टर, जेटस्की, मोटरबोटलगायतका साहसिक तथा मनोरञ्जनात्मक खेल सञ्चालन गर्न अनिवार्य दर्ता गरी इजाजत लिन आग्रह गर्नुभएको हो।

विभागले देशका विभिन्न स्थानमा बिनाअनुमति सञ्चालन भइरहेका साहसिक तथा मनोरञ्जनात्मक खेललाई कानुनी दायरामा ल्याउन यस्तो व्यवस्था गर्न लागेको हो। सूचना अधिकारी



गौतमले इजाजत नलिई यस्ता खेल सञ्चालन नगर्न र सञ्चालनमा रहेकालाई ३० दिनभित्र अनुमति लिन आग्रह गर्नुभयो।

पर्यटन ऐन, २०३५ र पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० अनुसार साहसिक तथा मनोरञ्जनात्मक पर्यटनसँग सम्बन्धित संस्था वा कम्पनीले विभागबाट अनिवार्य रूपमा इजाजत लिनुपर्ने प्रावधान छ। हाल मुलुकका विभिन्न ठाउँमा अनुमति नलिई र सुरक्षा मापदण्डको समेत पालना नगरी यस्ता गतिविधि सञ्चालन भइरहेको गुनासो आएपछि विभागले उक्त सूचना जारी गरेको हो।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सबै अध्यादेश जारी

प्रधानमन्त्री बालेन्द्र शाह(बालेन) सरकारले तयार गरेको आठवटै अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलले जारी गरेका छन् ।राष्ट्रपति पौडेलले पछिल्लो पटक संवैधानिक निकाय सम्बन्धी अध्यादेश जारी गरेका छन् ।सरकारले प्रतिनिधि सभाको वैशाख १७ गतेका लागि डाकिएको बैठकलाई २४ घण्टा भित्र स्थगनगरी आठवटा अध्यादेश जारी गरे ।अध्यादेश जारी भइसकेपछि सरकारले वैशाख २४ गते संघीय संसदको बैठक आह्वान गरेको छ ।प्रतिनिधि सभामा सरकार दुई तिहाइ बहुमत नजिक रहेको छ ।तर राष्ट्रिय सभामा हालसम्म एउटै सिट सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को छैन् ।प्रतिनिधि सभाले पारित गरेको बिलहरु राष्ट्रिय सभाले पनि पारित गरेपछि मात्र पारित हुने संवैधानिक प्रावधान छ ।प्रतिनिधि सभामा दर्ता हुने विधेयकहरुमाथि छलफलगरी पारित गर्न निकै प्रक्रियाहरु पार गर्नुपर्छ ।त्यस क्रममा समय पनि धेरै लाग्ने गरेको छ ।प्रतिनिधि सभाले पारित गरिसकेको विधेयक फेरि राष्ट्रिय सभाबाट पारित हुनुपर्छ ।सबै प्रक्रिया पूरागरी अध्यादेश स्वीकृतिका लागि राष्ट्रपतिको जाने गर्छ ।त्यसमा केही महिना समय लाग्ने भएकाले 'फास्ट ट्र्याक'मा काम थालेको सरकारले अध्यादेश मार्फत तत्काल कानुन बनाएर अगाडि बढेका छन् ।जारी भएका अध्यादेशहरु उपर अब प्रतिनिधि सभामा छलफल भइरहने छ ।६ महिना भित्र दुबै सदनबाट अध्यादेश पारित हुन नसके स्वतःनिष्कृय हुनेछ ।तर अध्यादेश पारित हुन नसके पनि सरकारले फेरि अध्यादेश भने ल्याउन सक्छ ।अध्यादेशहरु जारी भएपछि देशमा राजनीतिक नियुक्ति पाएका अधिकांश पद रिक्त भएको छ ।राजनीतिक नियुक्ति पाएर विभिन्न सरकारी निकाय, विश्वविद्यालय लगायतका निकायहरुमा रहेकाहरु पदमुक्त भएका छन् ।विगतमा राजनीतिक नियुक्ति पाएकाहरुलाई सरकारले हटाउन खोजे सर्वोच्च अदालतबाट पुनःबहाली हुने गरेको थियो ।तर सरकारले एकमुष्ट नै सबैलाई अवकास दिएको छ ।संवैधानिक निकायमा पनि भर्ना गर्ने र हटाउने मार्ग प्रशस्त भइसकेको छ ।सरकारले संवैधानिक निकायहरु निर्वाचन आयोग, लोकसेवा आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सर्वोच्च अदालत लगायतमा निर्णय लिन सहज भएको छ ।सर्वोच्च अदालतको प्रधानन्यायाधीश पद अहिले कामुबाट चलिरहेको छ ।सरकारले त्यस सम्बन्धमा पनि निर्णय लिन अब सहज भएको छ ।अध्यादेश ल्याएर सरकारले द्रुत मार्गबाट काम अगाडि बढाएको छ ।तर यसले लोकतान्त्रिक अभ्यासमा दुईवटा समस्या आउने देखिन्छ ।पहिलो त बालेन सरकारले नियुक्त गरेका निकायहरुको पद पनि अर्को सरकारले अध्यादेश मार्फत नै कानुन बनाएर रिक्त गर्न सक्ने छ ।दोस्रो संसदलाई छल्न अध्यादेश ल्याउने प्रक्रियाले प्राथमिकता पाउने छ ।हुन त यो सरकार स्थिर रहने विश्वास गर्नुपर्छ ।सरकारले काममा सहजताका लागि ल्याएको अध्यादेशलाई सकारात्मक रुपमा लिनु पर्छ ।

# निर्माण व्यवसायीहरूको क्षमता अभिवृद्धि: गुणस्तरीय र दिगो विकासको आधार



ई. सत्यनारायण साह

**सारांश (Abstract)**

नेपालको विकास-निर्माण क्षेत्रमा निर्माण व्यवसायीहरूको भूमिका अत्यन्त महत्वपूर्ण छ। तर व्यवस्थापकीय कमजोरी, प्रविधिको सीमित प्रयोग, उपकरण तथा वित्तीय व्यवस्थापनमा कमजोरीका कारण परियोजनाहरूमा ढिलाइ, लागत वृद्धि र गुणस्तरमा गिरावट देखिन्छ। यस लेखले यी समस्याहरूको विश्लेषण गर्दै क्षमता अभिवृद्धिका रणनीतिक उपायहरू र नीतिगत सुधारका आवश्यकताहरू प्रस्तुत गर्दछ।

**Keywords**

निर्माण व्यवस्थापन, क्षमता अभिवृद्धि, ICT, फ्लीट व्यवस्थापन, क्यास फ्लो, करार व्यवस्थापन

**भूमिका** :

नेपालको समग्र विकास-निर्माण कार्यमा निर्माण व्यवसायीहरूको भूमिका अत्यन्त महत्वपूर्ण रहेको छ र हुनुपर्छ । सडक, पुल, भवन, ऊर्जा, सिंचाइ लगायतका पूर्वाधार निर्माणका अधिकांश कार्यहरू व्यवसायीहरूको प्रत्यक्ष संलग्नतामा सम्पन्न हुनेगर्छन्। नेपालको सन्दर्भमा भन्नेहो भने निर्माण व्यवसायोहरुको बारेमा अनेकौ गलत धारणाहरु पनि उत्पन्न नभएको होइन । निर्माण काम ढिलो सम्पन्न गर्ने, कामै छाडेर बेपत्ता हुने, कम गुणस्तरीय काम गर्ने, अनैतिक व्यवसायिक कार्यमा संलग्न हुने आदि देखि लिएर कालो सुचीमा समेत पर्ने गरेका कतिपय उदाहरणहरु पनि नभएका होइनन । कतिपय गलत कार्य अज्ञानताबश पनि हुनसक्छ भन्ने कुरालाई पनि नकार्न मिल्दैन । जे होस्, नेपाललाई बिकास चाहिएको छ र त्यसको लागि यस्ता व्यवसायीहरु अतिआवश्यक छन् भन्ने कुरा हामी सबैले स्वीकार गर्नैपर्छ । यस सन्दर्भमा निर्माण कार्यको गुणस्तर, समयमै सम्पन्नता, लागत नियन्त्रण तथा समग्र परियोजनाको सफलता हासिल गर्न, व्यवसायीहरूको प्राविधिक दक्षता मात्र नभई व्यवस्थापकीय क्षमता, प्रविधि प्रयोग तथा स्रोत व्यवस्थापनमा निर्भर हुनेकिसिमको क्षमता वृद्धि तर्फ सबै पक्षधरहरुले आवश्यक सकारात्मक पहल गर्नुपर्ने समय आएको छ ।

**विकास-निर्माणमा निर्माण व्यवसायीहरूको केन्द्रीय भूमिका**:

नेपालको पूर्वाधार विकास–सडक, पुल, भवन, ऊर्जा, सिंचाइ जस्ता परियोजनाहरू–मुख्यतः निर्माण व्यवसायीहरूको प्रत्यक्ष संलग्नतामा सम्पन्न हुन्छन्। राज्यले नीति बनाउँछ, स्रोत उपलब्ध गराउँछ, तर त्यसलाई व्यवहारमा परिणत गर्ने जिम्मेवारी व्यवसायीहरूकै काँधमा रहन्छ।

**यस कारणले**:

- निर्माण कार्यको गुणस्तर
- समयमै सम्पन्नता
- लागत नियन्त्रण
- परियोजनाको समग्र सफलता

यी सबै पक्ष व्यवसायीहरूको क्षमता, दक्षता र व्यवस्थापकीय कौशलसँग प्रत्यक्ष रूपमा जोडिएका हुन्छन्। केवल प्राविधिक ज्ञान मात्र पर्याप्त हुँदैन; व्यवस्थापन, प्रविधि प्रयोग र स्रोत समन्वयको समग्र क्षमता आवश्यक पर्छ।

**वर्तमान अवस्था: अवसरसागै गम्भीर चुनौतीहरू**:

नेपालमा निर्माण क्षेत्र अति विशाल छ, किनकि देशमा बिभिन्न पूर्वाधार देखि अन्य क्षेत्रहरु पनि अन्य देशको तुलनामा निकै पछाडी छ त्यसैले यो क्षेत्र विस्तारोन्मुख छ, तर यससँगै केही संरचनागत कमजोरीहरू पनि स्पष्ट देखिन्छन्:

**(क) व्यवस्थापकीय प्रणालीको अभाव**

धेरै परियोजनाहरूमा स्पष्ट योजना, समय तालिका र अनुगमन प्रणाली नहुँदा काम असंगठित Unorganized) र प्रतिक्रियात्मक (Reactive) ढंगले सञ्चालन हुने गर्दछ। योजनाको संरचना तयार गर्दानै रणनितीक (Strategic) ढंगले गर्नुपर्ने हो ।

धेरैजसो निर्माण परियोजनाहरूमा सुरुवातदेखि नै स्पष्ट योजना, यथार्थपरक समय तालिका (schedule) र व्यवस्थित अनुगमन प्रणाली तयार नगर्ने प्रवृत्ति देखिन्छ। परिणामस्वरूप, परियोजनाहरू असंगठित (unorganized) र प्रतिक्रियात्मक (reactive) ढंगले सञ्चालन हुने गर्छन्।

यसको अर्थ के हो भने–काम पूर्वनिर्धारित योजना अनुसार अघि बढ्नेभन्दा पनि समस्या आएपछि मात्र समाधान खोज्ने शैली अपनाइन्छ। उदाहरणका लागि:

- काम ढिलो भएपछि मात्र स्रोत थप्ने
- लागत बढेपछि मात्र नियन्त्रणको प्रयास गर्ने
- गुणस्तरमा समस्या आएपछि मात्र सुधार गर्ने

यसरी "problem–driven" तरिकाले काम गर्दा परियोजना निरन्तर दबाबमा चल्ने गर्दछ, जसले समय, लागत र गुणस्तर तीनै पक्षमा नकारात्मक असर पार्छ।

**रणनीतिक योजना किन आवश्यक छ?**

परियोजनाको योजना निर्माण गर्ने चरणमै यसलाई रणनीतिक (strategic) दृष्टिकोणबाट तयार गर्नु अनिवार्य हुन्छ। रणनीतिक योजना भनेको केवल कामको सूची बनाउने होइन, बरु:

- सम्पूर्ण परियोजनाको स्पष्ट दृष्टिकोण (clear vision) तय गर्ने
- उपलब्ध स्रोतहरूको सर्वोत्तम उपयोग गर्ने रणनीति बनाउने
- सम्भावित जोखिमहरू पहिचान गरी पूर्वतयारी गर्ने
- कामको क्रम (sequence) र प्राथमिकता स्पष्ट गर्ने
- समय, लागत र गुणस्तरबीच सन्तुलन कायम गर्ने

**Reactive बाट Proactive तर्फ रूपान्तरण**

अहिलेको चुनौती भनेको reactive शैलीबाट proactive (पूर्वतयारीमा आधारित) व्यवस्थापनमा रूपान्तरण गर्नु हो।

त्यसैले, परियोजना सफल बनाउनः

"पहिले योजना, त्यसपछि कार्यान्वयन" भन्ने सिद्धान्तलाई व्यवहारमा लागू गर्न आवश्यक छ।

यदि योजना चरणमैः

- स्पष्ट लक्ष्य
- यथार्थपरक समय तालिका
- प्रभावकारी अनुगमन प्रणाली
- र जोखिम व्यवस्थापन रणनीति

तयार गरियो भने परियोजना असंगठित र प्रतिक्रियात्मक अवस्थाबाट बाहिर निस्केर योजनाबद्ध, नियन्त्रणयोग्य र परिणाममुखी बन्न सक्छ।

**(ख) ICT को सीमित प्रयोग**

व्यवस्थापनमा डिजिटल प्रविधि (ICT) को प्रयोग न्यून हुनु साधारण कमजोरी मात्र होइन–यसले सिधै परियोजनाको समय, लागत, गुणस्तर र पारदर्शितामा नकारात्मक प्रभाव पार्छ। यसको असरलाई स्पष्ट रूपमा यसरी बुझ्न सकिन्छः

**१. योजना (Planning) मा प्रभाव**

डिजिटल टुल्स (जस्तै scheduling software, data analysis tools) प्रयोग नभएमा:

- परियोजनाको यथार्थपरक समय तालिका तयार हुँदैन
- स्रोत (मानव, सामग्री, उपकरण) को सन्तुलित योजना गर्न कठिन हुन्छ
- "What–if analysis" गर्न नसक्दा वैकल्पिक रणनीति तयार हुँदैन

**परिणाम**: योजना अव्यवस्थित र अनुमानमा आधारित हुन्छ।

**२. कार्यान्वयन (Execution) मा प्रभाव**

ICT को अभाव हुँदाः

- कामको प्रगति real–time मा ट्र्याक गर्न सकिँदैन
- साइट र अफिसबीच समन्वय कमजोर हुन्छ
- निर्णय लिन ढिलाइ हुन्छ

**परिणाम**: काम ढिलो हुने, दोहोरिने (rework) र उत्पादकत्व घट्ने।

**३. अनुगमन तथा नियन्त्रण (Monitoring & Control) मा प्रभाव**

**डिजिटल प्रणाली बिना**:

- प्रगति प्रतिवेदनहरू ढिलो र अविश्वसनीय हुन्छन्
- लागत र समयको deviation समयमै पत्ता लाग्दैन
- समस्या बढिसकेपछि मात्र थाहा हुन्छ

**परिणाम**: सानो समस्या ठूलो संकटमा परिणत हुन्छ।

**४. लागत व्यवस्थापनमा प्रभाव**

ICT को प्रयोग नहुँदाः

- खर्चको real–time tracking हुँदैन
- अनावश्यक खर्च (wastage, idle time) बढ्छ
- cost overrun नियन्त्रण गर्न कठिन हुन्छ

**परिणाम**: परियोजना बजेटभन्दा धेरै महँगो हुन्छ।

**५. गुणस्तर व्यवस्थापनमा प्रभाव**

डिजिटल quality control tools नभएमा:

- कामको documentation कमजोर हुन्छ
- मापदण्ड पालना भएको/नभएको ट्र्याक गर्न कठिन हुन्छ
- त्रुटि दोहोरिने सम्भावना बढ्छ

**परिणाम**: निर्माणको गुणस्तर घट्छ र दीगो हुँदैन।

**६. पारदर्शिता र उत्तरदायित्वमा प्रभाव**

ICT को अभावमा:

- सूचना लुकाउने वा ढिलाइ गर्ने सम्भावना बढ्छ
- stakeholders बीच विश्वास घट्छ
- विवाद (disputes) बढ्छ

**परिणाम**: प्रशासनिक र कानुनी जटिलता बढ्छ।

**७. निर्णय प्रक्रियामा प्रभाव**

Data–based decision नभएर:

- निर्णय अनुभव वा अनुमानमा आधारित हुन्छ
- जोखिमको सही मूल्यांकन हुँदैन

**परिणाम**: गलत निर्णयले दीर्घकालीन क्षति पुऱ्याउन सक्छ।

व्यवस्थापनमा डिजिटल प्रविधिको प्रयोग न्यून हुनु भनेको: "आँखा चिम्लेर परियोजना सञ्चालन गर्नुजस्तै हो।"

त्यसैले,

- डिजिटल प्रविधि अब विकल्प होइन, अनिवार्य आवश्यकता हो।

**(ग) उपकरण व्यवस्थापनमा कमजोरी (Equipment Fleet Management): दक्षता, लागत नियन्त्रण र सुरक्षित कार्यान्वयनको आधार**

निर्माण परियोजनाहरूमा उपकरण (Equipment) केवल सहयोगी साधन होइन, उत्पादनशीलताको मुख्य चालक हो। यस्ता उपकरणहरूको प्रभावकारी व्यवस्थापन–अर्थात् फ्लीट व्यवस्थापन (Fleet Management) ले परियोजनाको दक्षता, सुरक्षा, लागत-प्रभावकारिता र समग्र डेलिभरीमा प्रत्यक्ष तथा गहिरो प्रभाव पार्दछ। त्यसैले फ्लीट व्यवस्थापनलाई प्राविधिक विषय मात्र नभई रणनीतिक व्यवस्थापनको महत्वपूर्ण अङ्गका रूपमा लिन आवश्यक छ।

**१. सञ्चालन दक्षता र उत्पादकत्वमा सुधार**

प्रभावकारी फ्लीट व्यवस्थापनले उपकरणहरूको अधिकतम उपयोग सुनिश्चित गर्दै परियोजनाको उत्पादकत्व उल्लेखनीय रूपमा बढाउँछ।

- **अनुकूलित उपयोग (Optimized Utilization)**: उपकरणको प्रयोग दर (utilization rate) ट्र्याक गरी निष्क्रिय समय (idle time) घटाइन्छ र आवश्यक स्थानमा पुनः विनियोजन गरिन्छ।
- **कम डाउनटाइम (Reduced Downtime)**: निवारक (preventive) मर्मत तालिकाले अप्रत्याशित बिग्रावट रोक्छ, जसले काम अवरुद्ध हुने सम्भावना न्यून गर्छ।
- **सरलीकृत सञ्चालन (Streamlined Operations)**: वास्तविक-समय (real–time) ट्र्याकिङमार्फत उपकरणको स्थान र अवस्थाबारे स्पष्ट जानकारी प्राप्त हुन्छ, जसले समन्वयलाई सहज बनाउँछ।
- **सुधारिएको परियोजना योजना**: उपकरण उपलब्धता र कार्यसम्पादन सम्बन्धी यथार्थ डाटाले यथार्थपरक समय तालिका र कार्य योजना बनाउन सहयोग गर्छ।

**२. लागत घटाउने र वित्तीय नियन्त्रण**

उपकरण व्यवस्थापन सुधारले प्रत्यक्ष रूपमा परियोजनाको लागतमा प्रभाव पार्छ।

- **इन्धन व्यवस्थापन**: इन्धन खपतको अनुगमन र दक्ष सञ्चालनले अनावश्यक खर्च घटाउँछ।
- **मर्मत अनुकूलन (Maintenance Optimization)**: नियमित मर्मतले उपकरणको आयु बढाउँछ र आकस्मिक महँगो मर्मत खर्च घटाउँछ।
- **भाडा लागतमा कमी**: आफ्नै उपकरणको प्रभावकारी उपयोगले बाह्य भाडामा निर्भरता घटाउँछ।
- **चोरी तथा दुरुपयोग नियन्त्रण**: GPS ट्र्याकिङ र अनुगमन प्रणालीले उपकरणको सुरक्षा सुनिश्चित गर्छ।
- **सटीक लागत अनुमान**: उपकरण सञ्चालनसम्बन्धी डाटाले यथार्थपरक बजेट र लागत नियन्त्रण सम्भव बनाउँछ।

**३. सुरक्षा र कानुनी अनुपालनमा सुदृढता**

फ्लीट व्यवस्थापनले कार्यस्थलको सुरक्षा र नियामक पालना दुवैलाई मजबुत बनाउँछ।

- **निवारक मर्मतमार्फत सुरक्षा**: राम्रो अवस्थामा रहेका उपकरणले दुर्घटनाको जोखिम न्यून गर्छ।
- **नियम तथा मापदण्डको पालना**: उपकरण निरीक्षण, उत्सर्जन र अपरेटर प्रमाणीकरण सम्बन्धी अभिलेख व्यवस्थापन सहज हुन्छ।
- **अपरेटर व्यवहार सुधार**: असुरक्षित अभ्यासहरू (जस्तैः अत्यधिक गति, गलत सञ्चालन) पहिचान गरी सुधार गर्न सकिन्छ।

**४. उपकरणको आयु वृद्धि र लगानीको अधिकतम उपयोग**

नियमित र योजनाबद्ध मर्मतलेः

- उपकरणको कार्यसम्पादन स्थिर राख्छ
- खिइने (wear & tear) प्रक्रिया ढिलो बनाउँछ
- महँगो उपकरणमा गरिएको लगानीको प्रतिफल (ROI) बढाउँछ
- यसले दीर्घकालीन रूपमा कम्पनीको वित्तीय स्थायित्वमा सकारात्मक प्रभाव पार्छ।

**५. डाटा-आधारित निर्णय प्रणाली (Data–Driven Decision Making)**

आधुनिक फ्लीट व्यवस्थापन प्रणालीहरूले ठूलो मात्रामा डाटा सङ्कलन र विश्लेषण गर्छन्।

- कार्यसम्पादन विश्लेषणः उपकरणको उपयोग, मर्मत इतिहास र लागत सम्बन्धी डाटाले रणनीतिक निर्णयमा सहयोग गर्छ।
- रिपोर्टिङ र एनालिटिक्सः प्रवृत्ति (trends) पहिचान, कमजोरी विश्लेषण र सुधारका क्षेत्र निर्धारण गर्न मद्दत गर्छ।

यसले "अनुमानमा आधारित निर्णय" बाट "डाटा-आधारित निर्णय" तर्फ रूपान्तरण गराउँछ।

निर्माण परियोजनाहरूमा प्रभावकारी उपकरण फ्लीट व्यवस्थापन केवल सम्पत्ति (assets) ट्र्याक गर्ने प्रक्रिया होइन; यो एक समग्र रणनीतिक दृष्टिकोण हो, जसलेः

- सञ्चालन दक्षता बढाउँछ
- लागत घटाउँछ
- सुरक्षा सुदृढ बनाउँछ
- उपकरणको आयु लम्ब्याउँछ
- र परियोजनाको सफल कार्यान्वयन सुनिश्चित गर्छ

अन्ततः,

"Right equipment, at the right place, at the right time" सुनिश्चित गर्न सक्नु नै सफल फ्लीट व्यवस्थापनको सार हो।

**(घ) वित्तीय र करार ज्ञानको कमी**

निर्माण परियोजनामा क्यास फ्लो व्यवस्थापन, करार (Contract) का सर्तहरूको स्पष्ट समझ र प्रभावकारी जोखिम व्यवस्थापन अभाव हुनु केवल सञ्चालनगत कमजोरी होइन, यो समग्र परियोजना व्यवस्थापनको मूल समस्या हो।

**१. क्यार्स लो व्यवस्थापनमा कमजोरी**

परियोजनामा आय-व्ययको समयानुकूल सन्तुलन (cash inflow vs outflow) मिलाउन नसक्दाः

- कामदार, आपूर्तिकर्ता र उप-ठेकेदारलाई भुक्तानी ढिलो हुन्छ
- कार्यस्थलमा कामको गति सुस्त हुन्छ
- आवश्यक स्रोत समयमै परिचालन हुन सक्दैन
- व्यवस्थापकीय दृष्टिले हेर्दा, यो operational disruption को मुख्य कारण बन्छ।

**२. करार व्यवस्थापनमा कमजोरी**

करारका सर्तहरू (time extension, variation, claims, payment terms) राम्रोसँग नबुझ्दा वा लागू गर्न नसक्दाः

- पक्षहरूबीच गलत अपेक्षा (misalignment of expectations) उत्पन्न हुन्छ
- दाबी (claims) र प्रतिदाबी बढ्छ
- विवाद समाधान प्रक्रियामा समय र स्रोत खर्च हुन्छ
- यसले परियोजनालाई "execution mode" बाट "dispute mode" मा धकेल्छ।

**३. जोखिम व्यवस्थापनमा कमजोरी**

सम्भावित जोखिमहरू (financial, technical, contractual) पहिचान र पूर्वतयारी नगर्दाः

- साना समस्या पनि ठूलो अवरोधमा परिणत हुन्छ
- आकस्मिक निर्णय लिनुपर्ने अवस्था आउँछ
- परियोजनाको नियन्त्रण व्यवस्थापकको हातबाट बाहिर जान सक्छ

यो reactive management culture को स्पष्ट संकेत हो।

**समग्र प्रभाव (Cascading Impact)**

यी तीनै पक्षमा कमजोरी हुँदा यसको असर श्रृंखलाबद्ध रूपमा देखिन्छः

- **विवादहरूको वृद्धि**:Stakeholder बीच विश्वास घट्ने
- **परियोजना अवरोध (Project Disruption)**: कार्यप्रवाह अस्थिर हुने
- **आर्थिक जोखिम वृद्धि**: व्यवसायीको liquidity र sustainability मा असर पर्ने

अन्ततः:

- परियोजना ढिलाइ हुन्छ (time overrun)
- लागत बढ्छ (cost overrun)
- गुणस्तर घट्छ (quality compromise)
- कानुनी विवाद बढ्छ (legal exposure)

व्यवस्थापन सुधारको अपरिहार्यता यस अवस्थाले स्पष्ट रूपमा देखाउँछ किः परियोजनाको समस्या प्राविधिकभन्दा बढी व्यवस्थापकीय हो।

**क्षमता अभिवृद्धिका प्राथमिक क्षेत्रहरू**:

उपरोक्त समस्याहरु हेर्दा त्यसको समाधानको लागि व्यवसायीहरुको क्षमता अभिबृद्धिको विकल्प देखिदैन । मुख्यतः निम्न क्षेत्रहरुमा दक्षता बृध्दिको आवश्यक्ता देखिन्छ ।

**१ Construction Management मा व्यावसायिक दक्षता**

निर्माण व्यवस्थापनलाई वैज्ञानिक र व्यवस्थित बनाउन आवश्यक छः

- **Project Planning & Scheduling** (Gantt Chart, CPM/PERT) : कामको स्पष्ट रोडम्याप र समय नियन्त्रण
- **Cost Estimation & Control** : अनावश्यक खर्च घटाउने र बजेटभित्र काम सम्पन्न गर्ने
- **Quality Assurance & Safety Management** : दीगो र सुरक्षित निर्माण सुनिश्चित गर्ने
- यी सीपहरू बिना परियोजना सफलताको कल्पना गर्न गाह्रो हुन्छ।

**२ ICT–based त्ययकि को प्रभावकारी प्रयोग**

डिजिटल प्रविधिले निर्माण क्षेत्रलाई रूपान्तरण गर्न सक्छः

- Project Management Software (Primavera, MS Project)
- Building Information Modeling (BIM)
- Digital Monitoring & Reporting Systems

यसलेः

- real–time अनुगमन
- data–based निर्णय
- पारदर्शिता र उत्तरदायित्व

लाई मजबुत बनाउँछ।

**३ Construction Equipment Management**

उपकरण व्यवस्थापन सुधारले प्रत्यक्ष रूपमा लागत र समयलाई असर गर्छः

- सही उपकरण छनोट (Right equipment for right job)
- Preventive Maintenance System
- दक्ष operator र safety compliance
- "Idle equipment is dead investment" भन्ने कुरा व्यवहारमा लागू गर्न आवश्यक छ।

**४ General Management क्षमता विकास**

निर्माण व्यवसाय अब केवल प्राविधिक काम होइन, यो पूर्ण व्यवसाय हो। त्यसैलेः

- Financial Management (Cash flow, budgeting, financial discipline)
- Contract Management (Risk allocation, claim management, dispute resolution)
- Leadership & Team Management (मानव संसाधनको प्रभावकारी उपयोग)

यी पक्षहरू सुदृढ नभएसम्म व्यवसाय दीगो र प्रतिस्पर्धात्मक बन्न सक्दैन।

**नीतिगत सुधार र राज्यको भूमिका**:

क्षमता अभिवृद्धि व्यक्तिगत प्रयासमा मात्र सीमित हुन सक्दैन। राज्यले संस्थागत रूपमै नेतृत्व र आवश्यक सहयोगकारी भूमिका निर्वाह गर्नुपर्छः

(१) **नीति सुधार**

- सार्वजनिक खरिद प्रणालीमा capacity building अनिवार्य गर्ने
- performance–based contract प्रणाली लागू गर्ने

# अस्पतालको वातावरण र व्यवस्थापन: एक चुनौती



पारस अधिकारी

अस्पताल एक अत्यन्त संवेदनशील ठाउँ हो जहाँ नयाँ जीवन पाउने पनि हुन्छन्, पुनर्जन्म लिने पनि हुन्छन् र मृत्यु पनि हुने हुँदा अस्पतालको वातावरण विशेष नै हुनुपर्ने हुन्छ । अस्पतालको वातावरण जति राम्रो हुन्छ, उक्त वातावरणमा काम गर्ने जनशक्तिको मनोबल पनि बढ्दै जान्छ । यदि डाक्टर र बिरामीको दूरीलाई न्यून गर्दै जाने हो भने विकृतिहरू आफैँ न्यून हुँदै जान्छन् । अस्पतालमा सेवा दिने र सेवा लिने प्रक्रियाका साथै 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसिड्युअर्स'को पालन गरेमा पनि दूरीलाई नजिक बनाउँदछ ।

अस्पतालमा डाक्टरहरू राउन्डपश्चात काउन्सिलिङ हुने गर्दछ । हरेक अस्पतालमा हुन्छ तर उक्त प्रक्रियाको फर्म बनाएर, बिरामीको अवस्थाको विषयमा हरेक राउन्डपश्चात परिवारका सदस्यहरूलाई प्रष्ट जानकारी दिने साथै डाक्टर र बिरामीको आफन्त दुवैले जानकारी गराएको र पाएको हो भन्ने हस्ताक्षर गर्ने प्रणाली भएमा पनि यसरी हुन सक्ने गलत बुझाइ वा दोषारोपण नहुन सक्छ । यदि उक्त प्रक्रिया पनि केवल औपचारिकताका लागि हस्ताक्षर गर्नु भनियो भने फेरि पनि गलत बुझाइ भई दोषारोपण हुन सक्छ ।

तसर्थ, मेडिकल साइन्स यस्तो विषय हो जहाँ सामान्य मानिसलाई त जतिबेला पनि भवितव्य हुन सक्छ भने झन् बिरामी भएको बेला त जोखिम अझ बढी हुन्छ । जति बुझाए पनि सम्भव नै हुँदैन । यसको समाधानको उपाय भन्नु नै डाक्टर र बिरामीको सम्बन्ध सुधार गर्नु हो । बिरामीमैत्री वातावरण भएमा डाक्टर, नर्स, अस्पताल, बिरामी र बिरामीका आफन्त- जो बिरामीको उपचारमा दिनरात खटिइरहेका हुन्छन्–सम्पूर्णको उद्देश्य नै बिरामीको हितका लागि नै हुन्छ । तर उक्त कुरालाई व्यावहारिक बनाउन अस्पताल प्रशासनको नियमले बाँधेर मात्र सम्भव हुन्छ ।

नयाँ बिरामी कुरुवा र भेट्न आउने कुरुवाको पनि हात हुन्छ, किनकि उहाँहरूलाई उपचारको सिलसिलामा के-के भएका थिए भन्ने कुरा थाहा हुँदैन । तसर्थ, अस्पताल प्रशासन पढेका र डाक्टरसँग काम गर्दा नै उक्त वातावरण सबल बन्न सक्छ, जसले परिस्थिति बुझेर बीचको दूरीलाई कम गर्न सक्ने ल्याकत राख्दछ । समयमा नै पहिचान गर्न सकियो भने रोग निको पार्न सके जस्तै बिरामीको आफन्तलाई विश्वासको वातावरण बनाउन सकिन्छ । तर समय-समयमा भेटघाट जरुरी पर्दछ । डाक्टर व्यस्त भएको अवस्थामा कसैले साथ दिन सकेको खण्डमा अस्पतालको वातावरण राम्रो कायम हुन सक्छ ।

व्यवस्थापनको सीप सबै डाक्टरमा नहुन सक्छ, किनकि उक्त विषयको भन्दा बिरामीलाई उपचार गर्ने विज्ञता डाक्टरमा ज्यादा हुन्छ । जसको आफ्नो विज्ञता जेमा छ, त्यो गरेमा फलदायी भूमिका रहन सक्छ । उपचारमा डाक्टर र व्यवस्थापनमा अस्पताल व्यवस्थापक भएमा बिरामीले गुणस्तरीय सेवा प्राप्त गर्न सक्छन् । नेपाल सरकारले पनि यस्तो योजना गर्न सके अस्पतालहरूले काँचुली फेर्नेछन् ।

-(पारस अधिकारी अस्पताल व्यवस्थापक हुन्। उनी चितवन मेडिकल कलेजमा कार्यरत छन्।)

# निर्माण उद्योग सङ्कटमा, मूल्यवृद्धि र नीतिगत ढिलाइले काम ठप्प




काठमाण्डु । नेपाल निर्माण व्यवसायी महासङ्घले निर्माण उद्योगको इतिहासमै हाल निर्माण व्यवसायीहरु कठिन मोडमा पुगेको जनाएको छ ।

मंगलबार आयोजित पत्रकार सम्मेलनमा महासङ्घले राज्यको कमजोर पुँजीगत खर्च, निर्माण सामग्रीमा तीव्र मूल्यवृद्धि र नीतिगत अन्योलका कारण मुलुकभरका अधिकांश आयोजना ठप्प प्रायः भएको उल्लेख गरेको हो ।

महासङ्घका अनुसार सात प्रदेश, ७७ जिल्ला सङ्घ तथा अन्य सदस्यसहित करिब ३२ हजार निर्माण व्यवसायी आबद्ध रहेको यस क्षेत्र अहिले गम्भीर आर्थिक दबाबमा छ । चालु आर्थिक वर्षमा विनियोजित पुँजीगत बजेटमध्ये हालसम्म करिब २७ प्रतिशत मात्र खर्च हुनुले पूर्वाधार विकासमा प्रत्यक्ष असर परेको महासङ्घको भनाइ छ ।

महासङ्घका अध्यक्ष निकोलस पाण्डेले मध्यपूर्वमा जारी युद्धका कारण डिजेल, मट्टितेललगायत इन्धन तथा बिटुमिन, सिमेन्ट, डण्डीजस्ता निर्माण सामग्रीको मूल्यमा असामान्य वृद्धि भएको बताउनुभयो ।

गत फेब्रुअरी १५ मा प्रतिलिटर १३९ रुपैयाँ रहेको डिजेलको मूल्य बढेर २२५ रुपैयाँ पुगेको र बिटुमिनको मूल्य प्रतिकेजी ७५ बाट १५५ रुपैयाँ पुगेको छ । यसले निर्माण लागत अत्यधिक बढाउँदा व्यवसायीहरू 'फोर्स माज्युर' अवस्था सामना गर्न बाध्य भएको उहाँको भनाइ छ । तर, मूल्य समायोजनका लागि सरकारबाट प्रभावकारी निर्णय नभएको गुनासो सङ्घले गरेको छ ।

महासङ्घले मूल्यवृद्धि र सामग्री अभावका कारण राष्ट्रिय गौरवका आयोजनासहित अधिकांश परियोजनाको काम ठप्प भएको जनाएको छ ।

निर्धारित समयमा आयोजना सम्पन्न हुने सम्भावना न्यून भएकाले बैंक ग्यारेण्टी, बिमा र क्षतिपूर्तिसहित सबै आयोजनाको म्याद थप गर्न सरकारसँग माग गरिएको छ ।

यसैबीच सार्वजनिक खरिद ऐन, २०६३ संशोधनसम्बन्धी अध्यादेशले केही सकारात्मक व्यवस्था गरे पनि 'लो बिडिङ'जस्ता मूल समस्या पूर्ण रूपमा समाधान नगरेको महासङ्घले जनाएको छ । मूल्य समायोजन, उपभोक्ता समितिसम्बन्धी व्यवस्था, मासिक भुक्तानीलगायत विषयमा स्पष्टता अभाव रहेको महासङ्घको निष्कर्ष छ ।

निर्माण व्यवसायी तथा अन्य उद्यमीहरूमाथि भइरहेको धरपकडले निजी क्षेत्र त्रसित भएको महासङ्घले जनाएको छ । यसले लगानी, रोजगारी र आपूर्ति प्रणालीमा नकारात्मक असर पार्ने चेतावनी दिइएको छ । महासङ्घले विद्युतीय खरिद प्रणालीसम्बन्धी विषयमा केन्द्रीय अनुसन्धान ब्यूरोको अनुसन्धानले कानुनसम्मत देखाएको उल्लेख गर्दै सोही विषयमा पुनः पक्राउ गरिनु दुःखद् भएको जनाएको छ ।

हालको अवस्थामा 'काम गर्दा घाटा, नगर्दा जरिवाना'को दोहोरो मारमा व्यवसायी परेको महासङ्घको भनाइ छ । एक साताभित्र मूल्य समायोजनसम्बन्धी नीतिगत निर्णय नभए निर्माण कार्य स्वतः बन्द हुने र आन्दोलनका कार्यक्रम घोषणा गरिने जनाइएको छ । रासस

# संविधान संशोधन कार्यदलद्वारा पूर्वराष्ट्रसेवकहरूसँग छलफल




काठमाण्डु । संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले आज संवैधानिक निकायका पूर्वप्रमुख, पूर्वमुख्यसचिव, परराष्ट्रविद् तथा पूर्वप्रशासकहरूसँग छलफल गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा करिब तीन घण्टा चलेको उक्त परामर्शमा शासकीय स्वरूपदेखि सङ्घीय संरचना, निर्वाचन प्रणाली र संवैधानिक निकायलगायतका विषयमा गहन बहस भएको थियो ।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले संविधान संशोधनलाई राष्ट्रिय सहमतिमा अघि बढाउने स्पष्ट पारेको छ । संयोजक शाहले संविधान संशोधन जनअपेक्षा र वर्तमान आवश्यकता दुवै भएको उल्लेख गर्दै यसलाई दीर्घकालीन प्रभाव पार्ने संवेदनशील विषयका रूपमा सावधानीपूर्वक अघि बढाइने बताउनुभयो ।

छलफलमा सहभागी विज्ञहरूले शासकीय स्वरूप, निर्वाचन प्रणाली, सङ्घीयता, प्रदेश तथा स्थानीय तहको अधिकार, स्वतन्त्र न्यायपालिका र संवैधानिक निकायको संरचनामा सुधारका विभिन्न सुझाव दिनुभयो ।

सो छलफलमा पूर्वप्रशासक एवं विज्ञहरू विमल कोइराला, उमेश मैनाली, टङ्कमणि शर्मा दङ्गाल, मधुरमण आचार्य, मानबहादुर विक, यमकुमारी खतिवडा, भानु आचार्य, सोमलाल सुवेदी, जयराज आचार्य, कृष्णहरि बास्कोटा, गणेश जोशीलगायतले आ-आफ्नो राय-सुझाव प्रस्तुत गर्नुभयो ।

पूर्वमुख्यसचिव विमल कोइरालाले प्रत्यक्ष निर्वाचन प्रणालीसँगै समानुपातिक प्रतिनिधित्व अनिवार्य बनाउनुपर्ने, राष्ट्रियसभाको सदस्य स‌ङ्ख्या घटाउनुपर्ने र उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष बनाउने व्यवस्था गर्नुपर्ने सुझाव प्रस्तुत गर्नुभयो । उहाँले सङ्घ, प्रदेश र स्थानीय तहबीचका बाझिएका अधिकार स्पष्ट पार्दै स्थानीय तहलाई थप अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिनुभयो ।

अर्का पूर्वराष्ट्रसेवक उमेश मैनालीले सांसदहरूको मन्त्री बन्ने आकाङ्क्षाले नीतिनिर्माण प्रभावित भएको उल्लेख गर्दै सांसदलाई कानुन निर्माणमै सीमित गर्नुपर्ने र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था गर्नुपर्ने धारणा राख्नुभयो । उहाँले संवैधानिक परिषद्मा प्रधानन्यायाधीशको सहभागिता उपयुक्त नहुने बताउनुभयो ।

विज्ञ जयराज आचार्यले मन्त्रालयको सङ्ख्या घटाउने सरकारको तयारीको प्रशंसा गर्दै विद्यार्थी युनियन तथा सङ्गठनहरू खारेज गर्ने कदमप्रति सोही बैठकमार्फत सरकारलाई धन्यवाद दिनुभयो । उहाँले मन्त्रालय सङ्ख्या घटाउने पहल सकारात्मक भएको उल्लेख गर्दै भूराजनीतिक मुद्दामा सरकार सचेत रहनुपर्ने सुझाव दिनुभयो ।

अधिकांश विज्ञले संवैधानिक परिषद्को संरचना पुनरावलोकन, संवैधानिक निकायहरूको सङ्ख्या घटाई पूर्ण स्वायत्त बनाउने, मन्त्रालयको सङ्ख्या घटाउने तथा विज्ञलाई मन्त्री बनाउने व्यवस्थामा जोड दिनुभएको थियो । स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन, सांसदहरूलाई कानुन निर्माणमा केन्द्रित गराउन, प्रदेशमा मन्त्रालय सङ्ख्या सीमित गर्न र प्रतिनिधित्व सुनिश्चित गर्न समावेशी सिट निर्धारण गर्ने विषयमा पनि साझा धारणा देखिएको थियो ।

परराष्ट्रविद् तथा सहभागीहरूले भूराजनीतिक सन्तुलनमा सचेत रहन, छिमेकी राष्ट्रसँग विश्वासको वातावरण निर्माण गर्न र सन्धिसम्झौताहरू पुनरावलोकन गर्न सुझाव दिनुभयो । साथै, सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनेसँगै कर प्रणालीलाई एकरूप बनाउने र महिला तथा सीमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने विषयमा पनि जोड दिइएको थियो ।

कार्यदलले प्राप्त सुझावहरूलाई बहसपत्रमा समेट्दै आगामी चरणमा थप परामर्श अघि बढाउने जनाएको छ । रासस

## सञ्चार मन्त्रालयअन्तर्गत विभिन्न निकायका पदाधिकारी स्वतः पदमुक्त

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहतका विभिन्न नौ वटा निकायका ३६ जना पदाधिकारी पदमुक्त हुनुभएको छ ।

मन्त्रालयले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ कार्यान्वयनमा आएपछि मन्त्रालयअन्तर्गतका विभिन्न संस्थान, बोर्ड, प्राधिकरण, आयोग तथा समितिका पदाधिकारीहरू स्वतः पदमुक्त भएका हुन् ।

अध्यादेशको दफा (२) को उपदफा (१) बमोजिम ती निकायमा कार्यरत अध्यक्ष, सदस्य तथा कार्यकारी पदाधिकारीहरू पदमुक्त भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयद्वारा जारी विज्ञप्तिअनुसार गोरखापत्र संस्थानका अध्यक्ष गोविन्दप्रसाद भण्डारी पदमुक्त हुनुभएको छ । यस्तै, प्रेस काउन्सिल नेपालका अध्यक्ष डा कुमार शर्मा आचार्यसहित सदस्यहरू पदमराज जोशी, भीमलाल श्रेष्ठ, शन्तराम विडारी, कुमारी निमा काफ्ले, रामप्रसाद दहाल, विजयराज अधिकारी, बालकृष्ण अधिकारी, केशवशरण लामिछाने र नकुल अर्याल पदमुक्त हुनुभएको छ ।

यसैगरी नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष भूपेन्द्र भण्डारी तथा सदस्यहरू कृष्णप्रसाद पोखेल, नवराज अधिकारी, रवीन्द्र झा र गोकर्णप्रसाद सिटौला पदमुक्त हुनुभएको छ ।

विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईं तथा सदस्यहरू पवन अधिकारी, प्रेमबहादुर भट्टराई र मोहन गुरुङ पनि पदमुक्त हुनुभएको छ ।

सुरक्षण मुद्रण केन्द्रका सदस्य आदित्य न्यौपाने र कार्यकारी निर्देशक देवराज ढुङ्गाना पदमुक्त हुनुभएको छ ।रासस

# पशुपतिनाथको स्वामित्वमा आयो पशुपति गौशाला धर्मशाला



काठमाण्डु । गौशाला धर्मशाला पशुपति क्षेत्र विकास कोषअन्तर्गत रहने काठमाडौँ जिल्ला अदालतकै फैसलालाई उच्च अदालत पाटनले पनि सदर गरेको छ ।

सो फैसलासँगै मारवाडी सेवा समितिले व्यापार व्यवसाय सञ्चालन गरिरहेको गौशाला धर्मशालाका जग्गा खाली गनुपर्ने भएको छ । करिब २५ वर्षदेखि समितिको कब्जामा रहेको साविक पशुपति पञ्चायत वडा नं २ को कित्ता नम्बर ८३ को चार रोपनी १५ आना दुई दाम र कित्ता नम्बर ८५ को चार रोपनी १० आना जग्गामा समितिको मोही हक नलाग्ने ठहर जिल्ला अदालत काठमाडौँले गरेको थियो । यसैलाई उच्च अदालत पाटनले सदर गरेको अदालतका सूचना अधिकारी गोविन्दप्रसाद कोइरालाले राससलाई जानकारी दिनुभयो । फैसलासँगै पशुपति गौशाला धर्मशालाको सबै स्वामित्व कोषमै फिर्ता भएको छ ।

उच्च अदालत पाटनका न्यायाधीशद्वय खड्गबहादुर केसी र रमेशप्रसाद ज्ञवालीको इजलासले सोमबार फैसला गर्दै काठमाडौँ जिल्ला अदालतको 'पशुपति क्षेत्र विकास कोष स्वामित्वको पशुपति गौशाला धर्मशालाको सम्पूर्ण जग्गा जमिनमा समितिको मोहियानी हक नलाग्ने' फैसला गरेको हो ।

काठमाण्डु जिल्ला अदालतको फैसलापछि समितिले कोष, कोषका तत्कालीन सदस्य-सचिव डा मिलनकुमार थापासहित १२ जनालाई विपक्षी बनाएर २०८१ मङ्सिर २१ गते उच्च अदालत पाटनमा मुद्दा दायर गरेको थियो । काठमाडौँ जिल्ला अदालतका तत्कालीन न्यायाधीश कमलप्रसाद पोखरेलको इजलासले २०८१ असोज १६ गते गरेको फैसलाको पूर्णपाठमा धर्मशालाको जग्गामा आफ्नो मोही हक रहेको दाबी गरे पनि सो जग्गामा समिति मोही रहेको तथ्य अस्वीकार गरिएको भनिएको छ ।

फैसलामा साविक समयदेखि पशुपति गौशाला धर्मशाला नामक कुनै पनि संस्था अस्तित्वमा रहेको नदेखिने र सो तथ्यलाई मारवाडी समितिले २०६० जेठ १२ गते पशुपति अमालकोट कचहरीसँग सम्झौता गर्दा स्वीकार गरेको देखिने प्रष्ट पारिएको छ ।

**'धार्मिक कार्यमै लगाउनुपर्छ'**

कोषका पूर्वसदस्य-सचिव थापाले एक दशकको न्यायिक सङ्घर्षपछि न्यायालयबाटै पशुपतिनाथको सम्पत्ति फिर्ता भएको बताउनुभयो । अब सो जग्गा धार्मिक र सामाजिक कार्यका लागि सरकारी निकायसँगै समन्वय गरेर गैरनाफामूलक ढङ्गले सञ्चालन गर्न सकिने उहाँको भनाइ छ ।

"कोष सञ्चालक परिषद्को २०८१ असोज २० गतेको निर्णय र असोज २२ गते कोष र काठमाडौँ महानगरपालिकाबीच भएको सहमतिअनुसार पशुपति गौशाला धर्मशाला सञ्चालक तथा व्यवस्थापन प्रक्रिया अघि बढाएर भगवान् पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने भक्तजनलाई सेवा दिन सकिन्छ", थापाले भन्नुभयो ।

वर्तमान प्रधानमन्त्री एवं काठमाडौँ महानगरका तत्कालीन प्रमुख वालेन्द्र शाह र पूर्वसदस्य सचिव थापाको समन्वयमा कोष र काठमाडौँ महानगरबीच पशुपति गौशाला धर्मशालालाई सामाजिक एवं धार्मिक कार्यका लागि गैरनाफामूलक ढङ्गबाट सञ्चालन गर्ने सहमति भएको थियो । "वर्तमान प्रधानमन्त्रीले महानगर प्रमुख हुँदा नै पशुपतिनाथको सम्पत्ति फिर्ता गरेर राज्यकै निकायले सञ्चालन गर्ने कार्यमा अग्रसरता लिनुभएको थियो । सरकारले तत्कालै धर्मशाला खाली गराएर उक्त सहमति कार्यान्वयन गर्दा उपयुक्त हुन्छ", थापाले भन्नुभयो ।

अधिवक्ता कृष्णमुरार पुडासैनीले काठमाडौँ जिल्ला अदालतको फैसलालाई उच्च अदालत पाटनले सदर गरेपछि र मारवाडी सेवा समिति पुनरावेदनमा जान नपाउने बताउनुभयो । पुडासैनीका अनुसार दुवै तहको न्यायालयबाट पशुपति क्षेत्र विकास कोषको पक्षमा फैसला भएपछि समितिले दोहोऱ्याइ पाउँ भनेर निवेदन गर्न पाउने छैन । "उच्च अदालतको फैसला आइसकेपछि धर्मशाला खाली गर्ने प्रक्रिया अघि बढाउन सकिन्छ", पुडासैनीले भन्नुभयो ।

**के छ फैसलामा ?**

काठमाडौँ जिल्ला अदालतको फैसलामा 'जग्गा श्री पशुपति अमालकोट कचहरीमा दर्ता भएका गुठीको जग्गा भन्ने तथ्यमा विवाद नदेखिए पनि श्री पशुपतिनाथ अमालकोट कचहरीबाट मोही दर्ता भई मोहीदर्ताको प्रमाण पुर्जा प्राप्त गरेको भनी सोको छायाँप्रति पेस गरी सो दर्ता अभिलेखमा दाबीको जग्गाको मोही महलमा श्री पशुपति गौशाला धर्मशाला रहेको तथ्यलाई मुख्य आधार लिएको देखियो' भनिएको छ । जिल्ला अदालतले समितिबाट पेस भएको कुनै पनि निर्णय अभिलेखका प्रमाणबाट उनीहरूको दाबीको जग्गामा मारवाडी सेवा समितिको मोही हक रहेको तथ्य प्रमाण पेस हुन नसकेको फैसलामा उल्लेख छ ।

साथै अदालतले धर्मशालामा निर्माण भएका घर जग्गालगायतका भौतिक संरचनामाथि पशुपति अमालकोट कचहरीको पूर्ण स्वामित्वलाई मारवाडी सेवा समितिले स्वीकार गरेको तथ्यलाई पुष्टि गरेको देखिएको फैसला गरेको छ । सोही फैसलालाई उच्च अदालत पाटनले सदर गरिदिएको हो ।

**धर्मशालाको इतिहास**

विसं १९९९ जेठ ५ गतेको पुर्जीले पशुपतिमा छोडिएका दूध कटुवा नन्दी (साँढे) को संरक्षणका लागि जुनेलो घाँस लगाउन हरिनारायण भनिने रामकुमार मारवाडीलाई एक रोपनी दुई आना जग्गा उपलब्ध गराएको दस्तावेजमा उल्लेख छ । साविक पशुपति पञ्चायत वडा नं २ 'क' को कित्ता नं ८३ को चार रोपनी दुई आना र कि.नं. ८५ को चार रोपनी १० आना गरी जम्मा नौ रोपनी नौ आना दुई पैसा जग्गामा कोही पनि मोही नरहेको तथ्य कोषको अभिलेखमा देखिने पूर्वसदस्य सचिव थापा बताउनुहुन्छ ।

"विसं २०६० मा समितिसँगको सम्झौतामा वर्षको रु ५१ हजार लिने भनिएको छ । तर मोहीसँग सम्झौता गरिँदैन । सहयोग पनि लिइँदैन । समितिलाई धर्मशाला सञ्चालन गर्न मात्रै दिइएको थियो", उहाँले भन्नुभयो । रासस

# स्वास्थ्य मन्त्रालयका एक सय त्रियानब्बे पदाधिकारी पदमुक्त

काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गत एक सय ९३ पदाधिकारी पदमुक्त भएका छन् ।

सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था गर्न बनेको अध्यादेश, २०८३ को दफा (२) को उपदफा (१) बमोजिम मन्त्रालयका एक सय ९३ पदाधिकारी पदमुक्त भएको मन्त्रालयका सहप्रवक्ता डा समीर कुमार अधिकारीद्वारा आज जारी विज्ञप्तिमा उल्लेख छ ।

उहाँकाअनुसारपदमुक्तभएका पदाधिकारीलाई पदमुक्त भएको जानकारीको पत्र पठाउने क्रम सुरु गरिएको छ । "अध्यादेशअनुसार मन्त्रालयअन्तर्गतका प्रतिष्ठान, समिति र बोर्डअन्तर्गतका ती पदाधिकारी पदमुक्त भएका छन् । पदमुक्त भएका पदाधिकारीलाई पत्राचार गरिरहेका छौँ", उहाँले भन्नुभयो । रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा
## हकदावीसम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा खजुरी चन्हा गा.वि.स.वडा नं. ४ हाल परिवर्तित जनकनन्दिनी गा.पा.वडा नं. ४ मा बस्ने सोनफी कामत केवटको मिति २०६०/५/४ गतेमा आफ्नो कालगतिले परलोक भएकोमा निजको हकभोग अपुताली खाने श्रीमति कोशिला देवी कामतको पनि मिति २०७७/०८/२१ मा आफ्नो कालगतिले परलोक भई निज मृतकहरुको हकभोग अपुताली खाने जेठा छोरा भगलु कामत केवट-१, माहिला छोरा फेकु कामत केवट-१ र कान्छो छोरा मिश्री कामत केवट -१ समेत ३ जना भएकोमा फेकु कामत केवट-१ र वासुदेव बढहीको नाती तेतर ठाकुरको छोरा राम नारायण ठाकुर बढही-१ र मिश्री कामत केवट -१ समेत २ जनाको मंजुरी मृतक बुवा सोनफी कामत केवटको नाउँमा सर्वे नापी भएको जिल्ला धनुषा गा.वि.स.खजुरी चन्हा वडा नं.६क कि.नं.१ क्षेत्रफल ०-१४-६-० जग्गा दर्ता गर्न छुट भएकोले छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी निवेदक भगलु कामत केवटको द.नं.११८७० मिति २०८२/१०/०६ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८३/०१/१० को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दावी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सवुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५(पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दावी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सवैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | खजुरी चन्हा | ६क | १ | ०-१४-६-० | जग्गाधनी महलमा सोनफी कापारी केवट पं.खजुरी चन्हा वार्ड नं.६ बाबु वासुदेव बाजे भालु कापारी केवट । द.... कैफियत महलमा रै.नं.८९ वि.१।।।३।।२ रै.नं.६४ वि.।२।४।।१। मध्ये |



## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गोलबजार, सिरहाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८३/०१/२३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

सिराहा जिल्ला, साविक अयोध्यानगर गा.वि.स. वडा नं. १ क हाल सिराहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ८ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा मिति २०७७/१०/२५ मा प्रा.फ.र.नं. १३६९५/२०७७/०७८ तथा आन्तरीक राजश्व कार्यालय लाहानमा मिति २०७७/१०/२६ मा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र नं. ६१५०९६९५३ अन्तर्गत दर्ता कायम भएको **आशिक एण्ड अस्मिता इलेक्ट्रोनिक्स** ।

**प्रोप्राईटर : सुनैना सिंह**

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. अवधी महतोको नाति, हरि नारायण महतोको छोरा, सिराहा जिल्ला, साविक अयोध्यानगर गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ८ बस्ने **शैलेन्द्र कुमार महतो** (ना.प्र.नं. ३०५३/०३४६२७६१, जि.प्र.का. सिराहा, जारी मिति २०५४/०३/२५) । | २. हरि नारायण महतोको बुहारी, शैलेन्द्र कुमार महतोको पत्नी, सिराहा जिल्ला, फुलाकाहाकट्टी गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ८ बस्ने **सुनैना सिंह** (ना.प्र.नं. २७५३२/०३४६२८७९, जि.प्र.का. सिराहा, जारी मिति २०५८/०४/०१) । |

**धितोको विवरण**

१. शैलेन्द्र कुमार महतो (ना.प्र.नं. ३०५३/०३४६२७६१, जि.प्र.का. सिराहा, जारी मिति २०५४/०३/२५) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक चैनपुर गा.वि.स. वडा नं. ७ हाल सिरहा जिल्ला, धनगढीमाई न.पा. वडा नं. ६ स्थित कि.नं. ६२३ को क्षेत्रफल ०-१-१५ (विगाहा) बमोजिमको जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. आशिक एण्ड अस्मिता इलेक्ट्रोनिक्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

Siddhartha Bank
शाखा कार्यालय : गोलबजार, सिरहा
फोन नं. ०३३-५४०५११
Website : www.siddharthabank.com

# हुनानमा पटाखा कारखाना विस्फोट, २१ को मृत्यु



एपी

बेइजिङ । मध्य चीनको हुनान प्रान्तस्थित एक पटाखा उत्पादन कारखानामा भएको भीषण विस्फोटमा कम्तीमा २१ जनाको ज्यान गएको छ भने ६१ जना घाइते भएका छन् । सोमबार दिउँसो भएको उक्त घटनापछि पनि जोखिम कायम रहेकाले उद्धार तथा अनुसन्धान कार्य तीव्र रूपमा अगाडि बढाइएको छ ।

चीनको सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार विस्फोट चाङ्सा सहरअन्तर्गतको औद्योगिक क्षेत्रमा रहेको कारखानामा भएको हो । चाइना डेलीका अनुसार उक्त उद्योग लियुयाङ क्षेत्रको प्रमुख आतसबाजी उत्पादन केन्द्रमा पर्ने हुआशेङ आतसबाजी निर्माण तथा प्रदर्शन कम्पनीद्वारा सञ्चालन हुँदै आएको थियो ।

राज्य प्रसारण संस्था चाइना केन्द्रीय टेलिभिजनद्वारा सार्वजनिक गरिएको हवाई दृश्यमा विस्फोटपछि कारखानाका धेरै संरचना ध्वस्त भएका र केही स्थानमा अझै सेतो धुवाँ उठिरहेको देखिएको छ, जसले घटनास्थल अझै पूर्ण रूपमा सुरक्षित नभएको सङ्केत गर्दछ ।

घटनास्थलमा करिब ५०० जना उद्धारकर्मी परिचालन गरिएको छ । विस्फोट नजिकै रहेका दुईवटा उच्च जोखिमयुक्त बारुद भण्डारका कारण थप दुर्घटनाको सम्भावना रहेकाले आसपासका बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको छ ।

अहिलेसम्म विस्फोटको ठोस कारण खुलेको छैन । सम्बन्धित निकायहरूले अनुसन्धान सुरु गरिसकेका छन् भने प्रहरीले कम्पनीका जिम्मेवार व्यक्तिलाई नियन्त्रणमा लिएको जनाएको छ ।

यस घटनापछि चिनियाँ राष्ट्रपति सी जिनपिङले बेपत्ता व्यक्तिहरूको खोजी तथा घाइतेहरूको उद्धारमा सम्पूर्ण प्रयास गर्न निर्देशन दिनुभएको छ । उहाँले घटनाको कारण चाँडो पत्ता लगाई जिम्मेवारमाथि कडा कारबाही गर्न र औद्योगिक क्षेत्रमा सुरक्षा व्यवस्थालाई अझ कडा बनाउन पनि आग्रह गर्नुभयो ।

उद्धारका क्रममा थप जोखिम कम गर्न पानी छर्किने तथा वातावरण चिस्यानयुक्त बनाउने उपाय अपनाइएको छ । कठिन स्थानमा खोजी कार्यलाई सहयोग पुर्‍याउन तीनवटा स्वचालित यन्त्रसमेत प्रयोगमा ल्याइएको छ ।

लियुयाङ क्षेत्र आतसबाजी उत्पादनको पुरानो केन्द्रका रूपमा चिनिन्छ । गिनिज वर्ल्ड रेकर्ड्सका अनुसार व्यवस्थित रूपमा अभिलेख गरिएको पहिलो आतसबाजी ताङ राजवंश (६१८-९०७ ईस्वी) का भिक्षु ली टियानसँग सम्बन्धित मानिन्छ, जसले बाँसमा बारुद प्रयोग गरी विस्फोट गराउने विधि विकास गरेका थिए ।

यसअघि पनि फेब्रुअरी महिनामा चन्द्र नयाँ वर्षका बेला चीनमा आतसबाजी पसलहरूमा भएका दुईवटा छुट्टाछुट्टै विस्फोट घटनामा मानवीय क्षति भएको विवरण सार्वजनिक भएको थियो । पछिल्ला घटनाले यस उद्योगको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठाइरहेका छन् ।

# आर्मेनिया युरोपतर्फ नजिकिँदै, रुससँग दूरी बढ्दै

एपी

येरेवान । दक्षिण काकेशस क्षेत्रको रणनीतिक रूपमा महत्त्वपूर्ण राष्ट्र आर्मेनियाले आफ्नो विदेश नीतिमा ऐतिहासिक मोड लिँदै युरोपेली सङ्घ (इयु) सँग सम्बन्ध गहिरो बनाइरहेको छ । यही सन्दर्भमा आर्मेनियाले मङ्गलबार इयुसँग पहिलो द्विपक्षीय शिखर सम्मेलन आयोजना गर्दै लामो समयदेखिको सहयोगी रुसबाट दूरी बढाउने स्पष्ट सङ्केत दिएको छ ।

राजधानी येरेवानमा सम्पन्न उक्त शिखर सम्मेलन युरोपेली राजनीतिक समुदायको आठौं भेला पछि युरोपका दर्जनौं नेताहरूलाई एउटै मञ्चमा ल्याउँदै सम्पन्न भएको हो । सोमबार भएको छलफलमा युरोपेली सुरक्षा अवस्था र इरानमा अमेरिका-इजरायल युद्धसम्बन्धी विषयमा पनि चर्चा भएको थियो ।

यी घटनाक्रमहरूले आर्मेनियाले पश्चिमतर्फ उन्मुख हुने आफ्नो रणनीति तीव्र बनाएको देखाउँछन् । सन् २०२३ मा अजरबैजानले काराबाख क्षेत्र पुनः नियन्त्रणमा लिएपछि दशकौं पुरानो पृथकतावादी शासन अन्त्य गर्दै आर्मेनिया र रुसबीचको सम्बन्ध चिसिएको थियो ।

आर्मेनियाली पक्षले अजरबैजानको आक्रमण रोक्न नसकेको भन्दै त्यहाँ तैनाथ रुसी शान्ति सैनिकहरूको आलोचना गरेको थियो । तर युक्रेन युद्धमा व्यस्त रहेको मस्कोले हस्तक्षेप गर्ने जनादेश नभएको दाबी गर्दै आरोप अस्वीकार गरेको थियो । येरेवानस्थित क्षेत्रीय अध्ययन केन्द्रका निर्देशक रिचार्ड गिरागोसियनले उक्त युद्धलाई 'रुस अविश्वसनीय साझेदार





भएको स्पष्ट प्रमाण' भन्दै टिप्पणी गर्नुभयो ।

त्यसयता प्रधानमन्त्री निकोल पाशिन्यानको नेतृत्वमा आर्मेनियाले पश्चिमसँग सम्बन्ध विस्तारलाई प्राथमिकता दिएको छ, जसलाई इयुले स्वागत गरेको छ । युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टाले पाशिन्यानलाई युरोप नजिक ल्याउने साहसी राजनीतिक निर्णयका लागि धन्यवाद दिनुभएको छ । उहाँले आर्मेनियाली लोकतन्त्र सुदृढीकरण र बाह्य हस्तक्षेप तथा गलत सूचनाविरुद्धको प्रयास महत्त्वपूर्ण रहेको बताउनुभयो ।

त्यसैगरी युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डर लेयनले आर्मेनियाले दक्षिण काकेशस र मध्य एसियाबीचको सम्पर्क सञ्जालमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने उल्लेख गर्नुभयो ।

आर्मेनियाले सन् २०२३ मा अन्तर्राष्ट्रिय फौजदारी अदालतमा सदस्यता लिएको थियो, जसलाई मस्कोले 'प्रतिकूल कदम' भनेको थियो । उक्त अदालतले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनविरुद्ध युक्रेनबाट बालबालिका अपहरणको आरोपमा पक्राउ पुर्जी जारी गरेको छ ।

त्यसपछि सन् २०२४ मा आर्मेनियाले मस्को नेतृत्वको सामूहिक सुरक्षा सन्धि सङ्गठनमा आफ्नो सहभागिता रोकेको थियो । अर्को वर्ष, आर्मेनियाली संसद्ले इयुमा सदस्यता लिने औपचारिक इच्छा व्यक्त गर्ने कानून पारित गरेको थियो ।

विश्लेषक गिरागोसियनका अनुसार रुसले छोडेको प्रभाव क्षेत्र अहिले इयुले भर्दै गएको छ । यसमा संयुक्त राज्य अमेरिकाको तुलनामा युरोपेली सहभागिता बढी व्यावहारिक देखिन्छ । उहाँका अनुसार यो प्रक्रिया दीर्घकालीन रूपमा कम तनावपूर्ण हुन सक्छ ।

आर्मेनिया अझै पनि रुस नेतृत्वको युरेशियन आर्थिक सङ्घको सदस्य छ, जसले वस्तु, पूँजी र श्रमको स्वतन्त्र आवागमन सुनिश्चित गर्छ । यस सङ्गठनमा बेलारुस, काजाकिस्तान र किर्गिस्तान पनि सहभागी छन् । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले हालैको भेटमा आर्मेनिया एकैसाथ इयु र उक्त आर्थिक सङ्घमा रहन नसक्ने चेतावनी दिनुभएको थियो । प्रधानमन्त्री पाशिन्यानले असङ्गतता स्वीकार गर्दै हाललाई दुवै दिशामा सन्तुलन कायम राख्ने नीति अपनाइने बताउनुभएको थियो ।

गिरागोसियनले मङ्गलबारको शिखर सम्मेलनलाई नयाँ सदस्यता भन्दा पनि पहिले नै रहेको सम्बन्धलाई थप गहिरो बनाउने प्रयासका रूपमा व्याख्या गर्नुभयो । उहाँका अनुसार यसले रुसलाई स्पष्ट राजनीतिक सन्देश दिएको छ ।

शिखर सम्मेलन अजरबैजानसँग बढ्दो तनावबीच भएको हो । अजरबैजानले युरोपेली संसद्को प्रस्तावप्रति आपत्ति जनाउँदै इयुका प्रतिनिधिलाई बोलाएको थियो । त्यसपछि अजरबैजानी सांसदहरूले युरोपेली संसद्सँगको सहकार्य निलम्बन गर्ने निर्णय गरेका छन् ।

अजरबैजानका राष्ट्रपति इल्हाम अलियेभले युरोपेली संस्थाहरूलाई दोहोरो मापदण्ड अपनाएको आरोप लगाउनुभयो । शिखर सम्मेलन स्थल बाहिर पनि प्रदर्शन भएको थियो, जहाँ प्रदर्शनकारीहरूले अजरबैजानमा रहेका आर्मेनियाली बन्दीहरूको फोटो प्रदर्शन गरेका थिए ।

आन्तरिक राजनीतिमा पनि यस घटनाले प्रभाव पारेको छ । आगामी निर्वाचनको तयारीमा रहेका प्रधानमन्त्री पाशिन्यानलाई अन्तर्राष्ट्रिय मञ्चमा देखिएको सक्रियताले राजनीतिक लाभ पुग्न सक्ने अनुमान गरिएको छ । तर विपक्षी नेता अराम सार्गस्यानले युरोपेली समर्थनलाई चुनावकेन्द्रित भन्दै आलोचना गर्नुभएको छ र अजरबैजानमा रहेका आर्मेनियाली बन्दीहरूको मुद्दा बेवास्ता गरिएको आरोप लगाउनुभएको छ ।

# एअर इन्डिया दुर्घटनामा विद्युतीय त्रुटिको आशङ्का



एएफपी

मुम्बई । गत वर्ष भएको एअर इन्डियाको भीषण विमान दुर्घटनाबारे पुनः गहिरो अनुसन्धानको माग गर्दै भारतीय पाइलटहरूको एक समूहले उड्डयन मन्त्रालयमा औपचारिक पत्र बुझाएको छ । उक्त समूहले दुर्घटनाको कारण पाइलटको गल्ती नभई विद्युतीय प्रणालीमा आएको गम्भीर त्रुटि हुन सक्ने दाबी गरेको छ ।

पाँच हजारभन्दा बढी सदस्य रहेको भारतीय पाइलट महासङ्घले जुन १२, २०२५ मा भएको बोइङ ७८७-८ ड्रीमलाइनर दुर्घटनाबारे आफ्नो धारणा सार्वजनिक गर्दै अन्तिम प्रतिवेदन आउनुअघि नै थप प्राविधिक अध्ययन आवश्यक रहेको जनाएको छ । उक्त दुर्घटनामा २६० जनाको ज्यान गएको थियो र त्यसले भारतीय उड्डयन इतिहासमै ठूलो मानवीय क्षति पुर्‍याएको थियो ।

अन्तर्राष्ट्रिय कानूनअनुसार भारतको विमान दुर्घटना अनुसन्धान ब्युरोले दुर्घटनापछि जुलाई १२ मा प्रारम्भिक प्रतिवेदन सार्वजनिक गरेको थियो । पश्चिमी भारतको अहमदाबादबाट उडान भरेको केही समयमै विमानमा आगलागी भएको उक्त घटनाले तत्कालै ठूलो आपतकालीन अवस्था सिर्जना गरेको थियो ।

पन्ध्र पृष्ठ लामो उक्त प्रारम्भिक प्रतिवेदनमा विमानको इन्धन आपूर्ति प्रणाली टक्कर हुनु केही क्षणअघि बन्द भएको उल्लेख गरिएको थियो र यसले सम्भावित पाइलट त्रुटिको प्रश्न उठाएको थियो । तर इन्धन स्विच बन्द हुनु पाइलटको कार्यका कारण हो वा प्राविधिक गडबडीका कारण हो भन्नेबारे प्रतिवेदनले स्पष्ट निष्कर्ष दिएको थिएन ।

भारतीय पाइलट महासङ्घले मे १ मा पठाएको पत्रमा 'प्राविधिक नोट' प्रस्तुत गर्दै थप अनुसन्धान आवश्यक हुने सम्भावित कारण औंल्याएको छ । पत्रमा उडान अघि विद्युतीय प्रणालीमा भएको गडबडीका कारण पाइलटको हस्तक्षेप बिना नै दुवै इन्जिनमा इन्धन आपूर्ति बन्द हुन सक्ने सम्भावना उल्लेख गरिएको छ ।

पत्रमा भनिएको छ, "उडान सुरु हुनुअघि भएको विद्युतीय गडबडीले पाइलटको कुनै पनि इनपुट बिना नै अनपेक्षित रूपमा रिले सञ्चालन र दुवै इन्जिनमा इन्धन आपूर्ति बन्द हुन सक्छ ।"

महासङ्घले दुर्घटनाबारे सार्वजनिक भइरहेका केही मिडिया रिपोर्टहरूले घटनालाई केवल पाइलटको गल्तीका रूपमा प्रस्तुत गरिरहेको भन्दै त्यसप्रति असन्तुष्टि पनि जनाएको छ । साथै अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठनका मापदण्डअनुसार सबै सम्भावित प्राविधिक कारणहरूलाई पहिले पूर्ण रूपमा जाँच नगरी निष्कर्षमा पुग्न नहुने उल्लेख गरिएको छ ।

महासङ्घका अनुसार प्रस्तुत गरिएको विद्युतीय त्रुटिको परिकल्पनालाई परीक्षणयोग्य वैज्ञानिक आधारमा विस्तृत रूपमा विश्लेषण गर्न आवश्यक छ । जबसम्म यस्तो विश्लेषण पूरा हुँदैन, तबसम्म प्राविधिक कारणलाई पूर्ण रूपमा अस्वीकार गर्न नसकिने उनीहरूको तर्क छ ।

यस दुर्घटनाको एक वर्ष पूरा हुन लाग्दा आगामी महिनासम्म अन्तिम प्रतिवेदन सार्वजनिक हुने अपेक्षा गरिएको छ । तर पाइलट समूहको यो नयाँ दाबीले अनुसन्धान प्रक्रियामा थप दबाब सिर्जना गरेको छ र दुर्घटनाको वास्तविक कारणबारे बहस पुनः चर्किएको छ ।


## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल बैशाख महिना २३ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय लहानबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शिर्षक : व्यवसायिक आवधिक तथा अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **माँ लक्ष्मी स्न्याक्स फुड प्रोडक्टस** प्रोपाइटरको नाम : भविशेक कुमार महतो
सा.फ./प्रा.फ.न.घ.उ.सि. : ११९२३/०७७/०७८ दर्ता मिति : २०७७/०९/२४
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय लहान, सिरहा स्थायी लेखा नं. : ६१४७६५८१४
फर्मको ठेगाना : सिरहा जिल्ला हनुमाननगर वडा नं. २ हाल, धनगढीमाई न.पा. वडा नं. ३

**प्रोपाइटरको विवरण**

लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **भविशेक कुमार महतो** (ना.प्र.नं. : १५-०२-७४-०१४४३ जारी मिति र जिल्ला : २०७४/०४/०४, सिरहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **विश्वास कुमार महतो** (ना.प्र.नं. : १५२००५/१०७२९ जारी मिति र जिल्ला : २०६९/०७/२६, सिरहा)

२) राजेन्द्र राईको छोरी लक्ष्मी महतोको बुहारी राम अवतार महतोको पत्नी खोटाङ जिल्ला रतन्छा वडा नं. ६ हाल, सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **सम्पुर्णी कुमारी महतो** (ना.प्र.नं. : ५२६०८००५ जारी मिति र जिल्ला : २०५४/११/२०, सिरहा)

३) मुगा लालको नाति लक्ष्मी महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **राम अवतार महतो** (ना.प्र.नं. : ५९७/५२६०७६९३ जारी मिति र जिल्ला : २०५०/१२/२५, सिरहा)

४) मंगल महतोको नाति मुगा लालको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. १ हाल, लहान न.पा. वडा नं. २ बस्ने **लक्ष्मी महतो** (ना.प्र.नं : ५२६०९३२-४५७८ जारी मिति र जिल्ला : २०३६/०७/१४, सिरहा)

**ख) कर्जा शिर्षक : व्यवसायिक आवधिक, डिमाण्ड तथा अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **माँ लक्ष्मी मसला उद्योग** प्रोपाइटरको नाम : सम्पुर्णी कुमारी महतो
सा.फ./प्रा.फ.न.घ.उ.सि. : ११९२४/०७७/०७८ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय लहान, सिरहा दर्ता मिति : २०७७/०९/२४ फर्मको ठेगाना : सिरहा जिल्ला हनुमाननगर वडा नं. २ हाल, धनगढीमाई न.पा. वडा नं. ३ स्थायी लेखा नं. : ६१३१३८३७६

**प्रोपाइटरको विवरण**

राजेन्द्र राईको छोरी लक्ष्मी महतोको बुहारी राम अवतार महतोको पत्नी खोटाङ जिल्ला रतन्छा वडा नं. ६ हाल, सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **सम्पुर्णी कुमारी महतो** (ना.प्र.नं. : ५२६०८००५ जारी मिति र जिल्ला : २०५४/११/२०, सिरहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **विश्वास कुमार महतो** (ना.प्र.नं. : १५२००५/१०७२९ जारी मिति र जिल्ला : २०६९/०७/२६, सिरहा)

२) लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **भविशेक कुमार महतो** (ना.प्र.नं. : १५-०२-७४-०१४४३ जारी मिति र जिल्ला : २०७४/०४/०४, सिरहा)

३) मुगा लालको नाति लक्ष्मी महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **राम अवतार महतो** (ना.प्र.नं. : ५९७/५२६०७६९३ जारी मिति र जिल्ला : २०५०/१२/२५, सिरहा)

४) मंगल महतोको नाति मुगा लालको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. १ हाल, लहान न.पा. वडा नं. २ बस्ने **लक्ष्मी महतो** (ना.प्र.नं : ५२६०९३२-४५७८ जारी मिति र जिल्ला : २०३६/०७/१४, सिरहा)

**ग) कर्जा शिर्षक : व्यवसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **एस पि किराना एण्ड सप्लायर्स** प्रोपाइटरको नाम : सम्पुर्णी कुमारी महतो प्रा.फ.र.न. : ११७६२/२०७६/०७७
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय लहान, सिरहा
दर्ता मिति : २०७६/११/१५ फर्मको ठेगाना : सिरहा जिल्ला हनुमाननगर वडा नं. २
हाल, धनगढीमाई न.पा. वडा नं. ३ स्थायी लेखा नं. : ६१३१३८३७६

**प्रोपाइटरको विवरण**

राजेन्द्र राईको छोरी लक्ष्मी महतोको बुहारी राम अवतार महतोको पत्नी खोटाङ जिल्ला रतन्छा वडा नं. ६ हाल, सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **सम्पुर्णी कुमारी महतो** (ना.प्र.नं. : ५२६०८००५ जारी मिति र जिल्ला : २०५४/११/२०, सिरहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **विश्वास कुमार महतो** (ना.प्र.नं. : १५२००५/१०७२९ जारी मिति र जिल्ला : २०६९/०७/२६, सिरहा)

२) लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **भविशेक कुमार महतो** (ना.प्र.नं. : १५-०२-७४-०१४४३ जारी मिति र जिल्ला : २०७४/०४/०४, सिरहा)

३) मुगा लालको नाति लक्ष्मी महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **राम अवतार महतो** (ना.प्र.नं. : ५९७/५२६०७६९३ जारी मिति र जिल्ला : २०५०/१२/२५, सिरहा)

४) मंगल महतोको नाति मुगा लालको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. १ हाल, लहान न.पा. वडा नं. २ बस्ने **लक्ष्मी महतो** (ना.प्र.नं : ५२६०९३२-४५७८ जारी मिति र जिल्ला : २०३६/०७/१४, सिरहा)

**घ) कर्जा शिर्षक : मोर्टगेज आवधिक कर्जा**

**ऋणीको विवरण**

राजेन्द्र राईको छोरी लक्ष्मी महतोको बुहारी राम अवतार महतोको पत्नी खोटाङ जिल्ला रतन्छा वडा नं. ६ हाल, सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **सम्पुर्णी कुमारी महतो** (ना.प्र.नं. : ५२६०८००५ जारी मिति र जिल्ला : २०५४/११/२०, सिरहा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) मुगा लालको नाति लक्ष्मी महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **राम अवतार महतो** (ना.प्र.नं. : ५९७/५२६०७६९३ जारी मिति र जिल्ला : २०५०/१२/२५, सिरहा)

२) मंगल महतोको नाति मुगा लालको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. १ हाल, लहान न.पा. वडा नं. २ बस्ने **लक्ष्मी महतो** (ना.प्र.नं : ५२६०९३२-४५७८ जारी मिति र जिल्ला : २०३६/०७/१४, सिरहा)

३) लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **विश्वास कुमार महतो** (ना.प्र.नं. : १५२००५/१०७२९ जारी मिति र जिल्ला : २०६९/०७/२६, सिरहा)

४) लक्ष्मी महतोको नाति राम अवतार महतोको छोरा सिरहा जिल्ला लहान न.पा. वडा नं. २ बस्ने **भविशेक कुमार महतो** (ना.प्र.नं. : १५-०२-७४-०१४४३ जारी मिति र जिल्ला : २०७४/०४/०४, सिरहा)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
१) मिति २०८२ साल बैशाख महिना २३ गतेको नेपाल समाचारपत्र दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०८२ साल मंसिर महिना २५ गतेको जनकपुर टुडे दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ दिने
३) मिति २०८२ साल माघ महिना १४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| सम्पुर्णी कुमारी महतो | सिराहा जिल्ला हनुमानगर वडम नं. २ | २ | ११०८ | २८७.८१ |
| | | | ११५४ | ७५३.४५ |
| | | | ११३० | २३.२८ |
| | | | ७४५ | २५.३९ |
| | | | ११११ | ५०.७९ |
| | | | ११३१ | १२६.९७ |
| | | | ११०९ | ३०४.७४ |
| | | | ११५३ | ७५३.४५ |
| | | | १११० | १६.९३ |
| | | | ११२३ | ५०७.९३ |
| | | | ११२१ | ६०९.५१ |
| | | | ६०३ | ९३९.६७ |

**शर्त बन्देजहरु :**
१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८३ साल जेठ महिना ६ गते बुधबार भित्र यस बैकको शाखा कार्यालय लहान आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल जेठ महिना ७ गते विहीबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय लहानमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# "भिलेज सफारी"मा सरर आउने होइन त ? लाहुरेको गाउँ रुम्सी हेर्न

रुम्सी । चिटिक्क मिलेका ढुङ्गाले छाइएका परम्परागत घर । घरमा पुग्न बाटामा ढुङ्गाले छपक्क छाइएका ।

गाउँको कूल घरधुरीमध्ये ९० प्रतिशत मगर समुदायका । तनहुँको व्यास नगरपालिका-१४ स्थित रुम्सी गाउँ आफैँमा विविधतायुक्त मौलिकता बोकेको सुन्दर रमणीय गाउँ हो ।

गाउँ पर्यटनको प्रवर्द्धनका माध्यमबाट स्थानीयवासीको आयआर्जन बढाउने उद्देश्यका साथ तीन वर्षअघि व्यास नगरपालिकाले गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा यस गाउँलाई नमूना गाउँको रुपमा विकास गर्ने गरी कार्यक्रम अघि बढाएसँगै यो ठाउँले पर्यटकीय रुपमा पनि फड्को मार्न थालेको छ ।

विशेषतः गाउँबाट धेरै सङ्ख्यामा बेलायती तथा भारतीय सेनामा भर्ती भएका कारण यो गाउँ लाहुरेहरूको गाउँका रुपमा परिचित छ । नगरपालिकाले प्रदेश सरकारसँगका सहकार्यमा सञ्चालन गरेको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रममार्फत यस गाउँलाई नमूना गाउँको रुपमा विकास गर्न विभिन्न कार्यक्रमसमेत अघि बढाइएको रुम्सी सामुदायिक होमस्टे व्यवस्थापन समितिका अध्यक्ष सन्तोष थापाले जानकारी दिनुभयो ।

यहाँका कूल १२० घरधुरीमध्ये ९० प्रतिशत मगर समुदायको बाहुल्यता रहेको जानकारी दिँदै उहाँले यहाँका ८० घरमा घरवास (होमस्टे) सञ्चालन गरिएको बताउनुभयो । गाउँलाई नमूना बस्तीका रूपमा विकास गर्न यहाँको ऐतिहासिक,



धार्मिक, सांस्कृतिक एवं प्राकृतिक सम्पदाहरूको संरक्षण र उपयोगमा जोड दिइएको उहाँको भनाइ छ ।

गाउँलाई पर्यटन तथा कृषिका विभिन्न गतिविधिका माध्यमबाट आयआर्जन बढाउँदै आकर्षक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो । मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम अन्तर्गत बन्दीपुर-रुम्सी गाउँ भ्रमण कार्यक्रम, रुम्सी इको ट्रेक, रुम्सी झरनामा क्यानोनिङ, कृषक पाठशाला, संस्कृति आदानप्रदान, रैथाने खानाका परिकारहरू तथा धार्मिक कार्यक्रमहरू सञ्चालनको लक्ष्य राखिएको छ ।

कार्यक्रमका लागि गण्डकी प्रदेश सरकारले रु ६५ लाख र व्यास नगरपालिकाले रु ३५ लाख विनियोजन गरेको थियो । नगरपालिकाले यहाँ सञ्चालित घरवासको व्यवस्थापनलाई सहज बनाउने उद्देश्यका साथ भवन निर्माण गर्न यस वर्ष रु १० लाख विनियोजन गरेको अध्यक्ष थापाले जानकारी दिनुभयो ।

गाउँमा सञ्चालित घरवासमा ठाउँठाउँबाट स्वदेशी तथा विदेशी पर्यटकहरू आउने गरेको रुम्सी सामुदायिक होमस्टे व्यवस्थापन समितिका सदस्य हरिमाया थापाले बताउनुभयो । एक पटक आएको जो कोही पर्यटकले फर्कदा गाउँको सौन्दर्यतासँगै आतिथ्यताको प्रशंसा गर्ने गरेको उहाँले अनुभव सुनाउनुभयो ।

होमस्टेका लागि स्थानीयले सुलभ प्योकज निर्धाण गरेको जानकारी दिँदै उहाँले एक रातका लागि रु एक हजार २०० तय गरिएको बताउनुभयो । पाहुनालाई आउनासाथ स्वागत सत्कार गर्दै चिया मकैलगायतका खाजा खुवाइन्छ भने बेलुका लोकल कुखुरा/खसीको मासुसहितको खाना र भोलिपल्ट नास्ता आदि खुवाइन्छ । खुवाइने खाना तथा खाजामा स्थानीय अर्गानिक उत्पादनहरू नै प्रयोग हुने उहाँले जानकारी दिनुभयो । आउने पाहुनालाई सामूहिक रुपमा खाना खुवाएर घरघरमा पठाउने गरिएको जानकारी दिँदै उहाँले १० जनाभन्दा ठूलो समूहमा आउने पर्यटकलाई गाउँको मौलिक कलासंस्कृति सहित स्वागत गरिने बताउनुभयो ।

यहाँ आउने पर्यटकहरू विभिन्न यामअनुसार निउरो, सिप्लीकानजस्ता प्राकृतिक उत्पादनका सागसब्जी खान पाउँछन् ।

**यसरी आइपुग्न सकिन्छ रुम्सी**

रुम्सी आउनका लागि तनहुँको सदरमुकाम दमौली र पर्यटकीय गन्तव्य बन्दीपुरबाट विभिन्न यातायातका साधन प्रयोग गरी आउन सकिन्छ ।

दमौलीबाट रुम्सी आउन कूल १६ किलोमिटर दूरी पार गर्नुपर्छ भने बन्दीपुरबाट १५ किलोमिटर दूरी पार गर्नुपर्छ । दमौलीबाट आउँदा भादगाउँ, बुद्धसिंह मार्ग, पोखरी भञ्ज्याङ, गुदी फच्याङ, केशवटार हुँदै आउन सकिन्छ भने बन्दीपुरबाट सेराथर, सुखौरा, केशवटार हुँदै आउन सकिन्छ ।

दमौलीबाट रुम्सी आउन बिहानदेखि फरकफरक समयमा दैनिक सार्वजनिक यातायातका साधनहरू आउँछन् भने बन्दीपुरबाट निजी सवारीसाधन प्रयोग गरेर आउन सकिने स्थानीयवासी बताउँछन् । पर्यटकको इच्छाअनुसार हालै बन्दीपुर आउने पर्यटकलाई लक्षित गरी सञ्चालनमा ल्याइएको भिलेज सफारीमार्फत पनि रुम्सीमा पर्यटकहरूलाई पुऱ्याउने गरिएको भिलेज सफारीका सञ्चालक वसन्त पौडेलले जानकारी दिनुभयो ।

जङ्गल सफारीमा प्रयोग गरिनेजस्तै जिपहरू प्रयोग गर्दै ग्रामिण परिवेशको अवलोकन गर्दै भिलेज सफारी गर्ने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । रुम्सीको पर्यटन प्रवर्द्धनका लागि हालै बन्दीपरमा सम्पन्न गाउँ पर्यटन मार्टका अवसरमा यस गाउँमा सञ्चारकर्मी तथा पर्यटन व्यवसायी सहभागी गराएर परिचयात्मक भ्रमण (फार्म ट्रिप)समेत गराइएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताउनुभयो ।

सञ्चारकर्मीसहितको परिचयात्मक भ्रमणले गाउँको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण उपलब्धि हासिल हुने विश्वास लिइएको उहाँले बताउनुभयो । हरेक गाउँ, पर्यटकीय ठाउँ भन्ने नाराका साथ गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशले गण्डकी प्रदेशभित्रका सम्भावनायुक्त गाउँहरूको प्रवर्द्धनसमेत गरिरहेको मञ्चका अध्यक्ष शोभा सापकोटाले जानकारी दिनुभयो ।

पर्यटकीय सम्भावना बोकेका गाउँहरूमा सञ्चालित घरवासका सञ्चालकहरूलाई आवश्यकताअनुसार आतिथ्यता, घरवास व्यवस्थापनलगायतमा तालिम दिने विषयलाई प्राथमिकतामा राखिएको उहाँको भनाइ छ । रासस

# भन्सार छलीका सामान बरामद



नेपालगञ्ज । बाँकेमा प्रहरीले भन्सार छली गरेर ल्याएका रु आठ लाख ४५ हजार बरावरका विभिन्न समान बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी नायब उपरीक्षक दीपक पातलीले फलफूल, लत्ताकपडा, खाद्यान्न, कस्मेटिक समान र हार्डवेयरका सामान बरामद गरिएको जानकारी दिनुभयो । ती सामान आवश्यक कारबाहीका लागि भन्सार कार्यालय, नेपालगन्ज पठाइएको उहाँले बताउनुभयो । नेपालगन्ज उपमहानगरपालिका वडा नं १० बाट ती समान बरामद भएको प्रहरीले जनाएको छ ।

त्यसैगरी, हतियारसहित श्रव्यदृश्य सामग्री पोष्ट गरेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । बाँकेको नेपालगन्ज उपमहानगरपालिका-४ को अजय कुमाल र डुडुवा गाउँपालिका-४ का अनिल खटिकलाई सर्वसाधारणलाई आतङ्कित पर्ने काम गरेको भन्दै उनीहरुलाई पक्राउ गरी जिल्ला अदालतबाट म्याद थप गरेको प्रहरी नायब उपरीक्षक दीपक पातलीले जानकारी दिनुभयो । सो विषयमा पनि अनुसन्धान जारी छ ।

त्यस्तै, अनुसन्धान प्रक्रियामा रहेका मुद्दा मिलाउने भन्दै प्रतिवादीका परिवारसँग रकम असुली गर्ने एक जनालाई इलाका प्रहरी कार्यालय कोहलपुरले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँकेले मुद्दा मिलाइदिने बहानामा रकम असुल गरेको आरोपमा प्रहरीले कोहलपुर नगरपालिका १२, चप्परगौडी निवासी करिब ४० वर्षीय काशीराम थारूलाई पक्राउ गरेको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरी नायब उपरीक्षक पातलीले थारूलाई विभिन्न मिति र समयमा विविध कसुरमा संलग्न व्यक्तिविरुद्ध अनुसन्धान प्रक्रियामा रहेका मुद्दा मिलाइदिने भन्दै प्रतिवादीका परिवारसँग रकम लिएको आरोपमा नियन्त्रणमा लिइएको जानकारी दिनुभयो । उहाँले पक्राउ परेका थारूविरुद्ध 'आपराधिक लाभ लिन नहुने' कसुरमा बाँके जिल्ला अदालतबाट पाँच दिनको म्याद लिइ थप अनुसन्धान भइरहेको बताउनुभयो । रासस


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय गोलबजार, सिरहाको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति २०८३/०१/२३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
तेस्रो पटक प्रकाशित मिति : २०८२/१२/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/२३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८१/०७/०७ गतेको कान्तिपुर राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/१०/१६ को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा ऋणीले सो समेतको वेवास्ता गरेको र सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८१/०७/०७ मा कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित दोस्रो पटक मिति २०८२/०९/२३ गतेको जनकपुर टुडे र तेस्रो पटक मिति २०८२/१२/१६ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिका भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः चौथो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

**१.** सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रही प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा मिति २०७३ साल माघ महिना २४ गते रोज २ मा प्रा.फ.न.घ.उ.सि. ६९४५/०७३/७४ तथा आन्तरिक राजश्व कार्यालय लाहानमा मिति २०७३/१०/२४ मा स्थायी लेखा नम्बर (PAN) ६०५६८३४६४ अन्तर्गत दर्ता कायम भएको **रियान्स फर्निचर उद्योग ।**
**प्रोप्राईटर : गंगा प्रसाद यादव**

| ऋणी तथा ऋणी १ र ३ को व्यक्तिगत जमानीकर्ताको विवरण | ऋणी तथा ऋणी १ र २ को व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| **२.** अवधि यादवको नाति, असर्फी यादवको छोरा, सिरहा जिल्ला, साविक चन्द्रलालपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ८ बस्ने **गंगा प्रसाद यादव** (ना.प्र.नं. १७१८, जारी मिति २०५३/०३/०९, जि.प्र.का. सिराहा) । | **३.** असर्फी यादवको बुहारी, गंगा प्रसाद यादवको पत्नी, सिराहा जिल्ला, साविक चन्द्रलालपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, गोलबजार न.पा. वडा नं. ८ बस्ने **रचना यादव** (ना.प्र.नं. १८६२३०२३, जारी मिति २०५८/०९/१५, जि.प्र.का. सिराहा) । |

**धितोको विवरण**

१. रियान्स फर्निचर उद्योगको स्वामित्वमा रहेको माल सामान तथा आय प्राप्ती (Goods and Assignment of Bills and Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२. **ऋणी १ तथा ऋणी २ को नाममा संयुक्त धितोबन्धकी कायम रहेको** गंगा प्रसाद यादव (ना.प्र.नं. १७१८, जारी मिति २०५३/०३/०९, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक असनपुर गा.वि.स./न.पा. वडा नं. ५ नक्सा सिट नं. ५ ख स्थित कि.नं. ३८५ र ४३५ को क्षेत्रफल क्रमशः ०-१-० र ०-०-१० (बि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. **ऋणी ३ को नाममा धितोबन्धकी कायम रहेको** रचना यादव (ना.प्र.नं. १८६२३०२३, जारी मिति २०५८/०९/१५, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक असनपुर गा.वि.स./न.पा. वडा नं. ६ नक्सा सिट नं. ६ क स्थित कि.नं. ११०५ र १११० को क्षेत्रफल क्रमशः ०-०-०.७५ र ०-०-२.२५ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**शर्तहरु :**

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८३/०१/२९ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०१/३० गते १६:०० बजे यस बैंकको शाखा कार्यालय गोलबजार, सिरहामा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिकृत कर्जा असुली विभाग तथा शाखा कार्यालय गोलबजार, सिरहामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. धितोको विवरणमा उल्लेख भएका धितोहरु धितोबन्धक पत्रअनुसार आंशिक रुपमा समेत सकार गर्न सकिने छ ।
१३. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : गोलबजार, सिरहा
फोन : ०३३-५४०५११
Website : www.siddharthabank.com


# बगरखेतीले बदलिँदै कञ्चनपुरका किसानको जीवनशैली



कञ्चनपुर । नदीका बगरलाई उत्पादनका लागि अनुपयुक्त मानिन्छ । वर्षायाममा पानीले भरिने र बाँकी समय सेताम्मे बालुवामात्रै रहने बगर त्यसै खेर जाने गर्दछन् । तर कञ्चनपुरका किसानले यही बगरलाई अवसरमा परिणत गर्दै तरकारीखेतीमार्फत मनग्य आम्दानी गर्दै आएका छन ।

शुक्लाफाँटा नगरपालिकाअन्तर्गत पर्ने दोदा, वनहरा र स्याली नदीका बगरमा किसानले व्यावसायिक तरकारीखेती गर्दै आएका छन् । विगत साढे दुई दशकदेखि निरन्तर रूपमा बगर खेती गर्दै आएका किसानले यसबाट आफ्नो जीवनस्तरमा उल्लेखनीय सुधार ल्याएका छन् ।

शुक्लाफाँटा नगरपालिका-१२ स्थित दोदा नदीको बगरमा करिब २५ वर्षदेखि खेती गर्दै आउनुभएका ठगी राना यसका जिउँदा उदाहरण हुनुहुन्छ । उहाँका अनुसार माघ महिनामा रोपिने लौका, काँक्रा, तरबुजा, प्याज, गोलभेँडा र तितेकरेला वैशाखको सुरुआतसँगै बजारमा पुग्न थाल्छन् । "एक सिजनमा झण्डै रु दुई लाखसम्म आम्दानी हुन्छ", उहाँले भन्नुभयो, "यही आम्दानीले परिवारको खर्च धान्न सहज भएको छ ।"

वर्षातको समयमा दोदा नदीमा पानी बग्ने भएकाले खेती सम्भव हुँदैन । तर बर्सात सकिएपछि बालुवाले सेताम्मे हुने बगरमा तरकारीखेतीले हरियाली छाउ छ । रानाजस्तै करिब २० परिवारले उक्त क्षेत्रमा सामूहिक रूपमा तरकारीखेती गर्दै आएका छन् । सीमित जमिन भए पनि पाँचदेखि १० कट्ठासम्म क्षेत्रफलमा गरिएको खेतीले राम्रो प्रतिफल दिइरहेको किसानहरू बताउनुहुन्छ ।

बजार प्रणालीमा आएको परिवर्तनले पनि बगरखेतीलाई थप सहज बनाएको छ । पहिले किसानले उत्पादन गोरुगाडामा राखेर गाउँगाउँ पुऱ्याई गहुँलगायतका अन्नसँग साट्ने गर्थे । स्थानीय किसान उपदेव रानाका अनुसार अहिले व्यापारीहरू नै बारीमा पुगेर तरकारी खरिद गर्न थालेका छन् । "बिक्री नभएको तरकारी मोटरसाइकल, साइकलमा राखेर बजारसम्म पुऱ्याउँछौँ", उहाँले भन्नुभयो ।

अझै पनि केही किसानले परम्परागत अन्नसँग तरकारी साट्ने वस्तु विनिमय प्रणालीलाई निरन्तरता दिएका छन् । सुखी रानाका अनुसार नगदमा बिक्री गर्नुभन्दा गहुँसँग तरकारी साट्दा बढी फाइदा हुने अनुभव छ । "हामी अझै पनि अन्नसँग साटासाट गर्ने चलनलाई जोगाइरहेका छौँ", उहाँले बताउनुभयो "यसबाट नगदभन्दा बढी फाइदा हुन्छ ।"

वनहरा नदीको बगरमा खेती गर्दै आउनुभएकी सरस्वती रानाले गत वर्ष रु तीन लाखसम्म आम्दानी गर्नुभएको थियो । "यस वर्ष उत्पादन केही कम भए पनि रु दुई लाखभन्दा बढी आम्दानी हुनेमा ढुक्क छु", उहाँले भन्नुभयो । उहाँका अनुसार बीउबिजन, मलखाद, विषादी, घेराबार र जङ्गली जनावरबाट जोगाउन जाली लगाउँदा करिब रु ५० हजार खर्च हुने गर्दछ ।

स्याली नदीको बगरमा खेती गर्ने लोकेन्द्र रानाले यस सिजनमा काँक्रा बिक्रीबाट मात्रै रु २० हजारभन्दा बढी आम्दानी गरिसक्नुभएको छ । उहाँका अनुसार सिजनभरि सबै तरकारी बिक्री गर्दा करिब रु दुई लाख आम्दानी हुने गरेको छ । स्याली नदीको बगरमा वडा नं ३ देखि १२ सम्मका १०० भन्दा बढी परिवार बगरखेतीमा आबद्ध छन् ।

कुनै समय यी बगर क्षेत्रमा भारतीय किसानहरूको दबदबा रहने गरेको स्थानीय किसान सम्झनुहुन्छ । भारतीयबाटै खेती गर्ने सीप सिकेपछि अहिले स्थानीय किसान आफैँ आत्मनिर्भर बनेका छन् । यसले स्थानीय उत्पादन वृद्धि हुनुका साथै रोजगारी सिर्जनामा योगदान पुऱ्याएको छ ।रासस

# सरकारी जागिर छाडेर बाख्रापालनमा रमाउँदै भुवानी

म्याग्दी । म्याग्दीको धौलागिरि गाउँपालिका-७ बगरका भुवानी पौडेलले सरकारी कार्यालयको जागिर छाडेर बाख्रापालन गरी स्वरोजगार र आत्मनिर्भर बन्नुभएको छ ।

दश वर्षसम्म बेनीमा रहेको कृषि विकास कार्यालयमा सहयोगी कर्मचारीको रुपमा करारमा काम गर्नुभएका पौडेलले स्थापना गरेको बगर कृषि तथा पशु बहुउद्देश्यीय फार्मबाट सफलता हात पार्नुभएको हो ।

"पाँच वर्षजति खाडीमुलुकमा वैदेशिक रोजगारी गरेर फर्केपछि विसं २०६६ देखि ११ वर्षसम्म बेनीको कृषि विकास कार्यालयमा सहयोगीको रुपमा काम गरेको थिए", उहाँले भन्नुभयो, "सङ्घीयतापछि जागिर छाडेर बाख्रा पाल्ने सोच पलायो । नौ वटाबाट सुरु गरेको फार्ममा अहिले ६० भन्दा बढी बाख्रा छन् ।"



वार्षिक ३५ देखि ४० वटासम्म खसीबोका बिक्री गरेर रु पाँच लाखसम्म आम्दानी गर्ने पौडेलले तीन जना छोराछोरीलाई सदरमुकाम बेनीमा राखेर पढाउनुका साथै घरव्यवहार चलाउन सजिलो भएको बताउनुभयो । खसीबोका बाहेक पाठापाठी पनि बिक्री हुने गरेको छ ।

ग्राहकहरू पाठापाठी र खसीबोका खोज्दै घरमै आउने गरेकाले बजारको समस्या छैन । पौडेलले बाख्रापालनसँगै ब्यवसायिक रुपमा सुन्तला र तरकारीखेती पनि गर्नुभएको छ । एक सय बोटमध्ये ४० बोट सुन्तलाले उत्पादन दिन थालेका छन् । थप एक सय सुन्तलाका बिरुवा रोपेर खेती विस्तार गर्नुभएको छ ।रासस


## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३ साल बैशाख महिना २३ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय लाहानबाट तपशिलमा उल्लेखित ऋणीले डिमाण्ड लोन तथा व्यवसायिक अधिविकर्ष कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **न्यू ऊँ ज्वेलर्स उद्योग** प्रोप्राइटर : चन्द्र कुमार बि.क. प्रा.फ.न.घ.उ.सि. : ५७२२/०७१/७२
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहा दर्ता मिति : २०७१/०४/०७
फर्मको ठेगाना : सिराहा जिल्ला असनपुर वडा नं. ७ स्थायी लेखा नं. : ६०२२४६९२३

**प्रोप्राइटरको विवरण**

हरिलाल बिश्वकर्माको नाति चतुर मान कामीको छोरा सप्तरी जिल्ला पिप्रा पश्चिम गा.वि.स. वडा नं. १ हाल, सिरहा जिल्ला गोलबजार न.पा. वडा नं. ६ बस्ने **चन्द्र कुमार बि.क.** (ना.प्र.नं. : ७३६७/३१६८१ जारी मिति र जिल्ला : २०६२/०५/०१, सप्तरी)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

जितमान बिश्वकर्माको छोरी चतुर मान कामीको बुहारी चन्द्र कुमार बि.क.को पत्नी धनुषा जिल्ला बटेश्वर वडा नं. ४ हाल, सिरहा जिल्ला गोलबजार न.पा. वडा नं. ६ बस्ने **सन्जु बिश्वकर्मा** (ना.प्र.नं. : १७३१०१/२४८ ना.प्र.नं. : १७३१०१/२४८)

**यसअघि प्रकाशित गरिएको सार्वजनिक सूचनाको विवरण :**
१) मिति २०७९ साल माघ महिना २३ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने
२) मिति २०८० साल जेष्ठ महिना १ गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि सम्बन्धी २१ दिने

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

# दुर्गा भगवतीमा नियुक्ति विवाद

**टुडे समाचारदाता**

रौतहट । रौतहटको दुर्गा भगवती गाउँपालिकामा नियुक्ति प्रक्रियामा गम्भीर अनियमितता भएको आरोप लगाइएको छ। पद र शक्तिको दुरुपयोग गर्दै 'आफ्नै मान्छे' राख्न करार कर्मचारीलाई योजनाबद्ध रूपमा हटाइएको दाबी गरिएको छ।




लामो समयदेखि मनोसामाजिक परामर्शकर्ताको रूपमा करारमा कार्यरत अंकिता झाले आफूलाई हटाउन 'सेटिङ' मिलाइएको आरोप लगाएकी छिन् । उनका अनुसार २०८० साउन १५ गते तत्कालीन प्रमुख प्रशासकीय अधिकृत नितेशकुमार झाले उनको कार्यअवधि थप गर्दै निरन्तर काम गर्न अनुमति दिएका थिए।

तर, त्यसपछि गाउँपालिका प्रमुख नविनकुमार श्रीवास्तवले आफ्ना नजिकका व्यक्तिलाई नियुक्त गर्न २०८१ चैत १० गते गोप्य रूपमा विज्ञापन प्रकाशित गराएको उनको आरोप छ। उक्त सूचना प्रेस काउन्सिलमा सूचीकृत नभएको स्थानीय पत्रिकामा प्रकाशित गरिएको बताइएको छ।

झाका अनुसार मनोसामाजिकतर्फ एक पदका लागि स्थानीय शिवानी कुमारी र रुकुम चौधारीका सुम्नीमा शाहले आवेदन दिएका छन्। तर, सूचीकृत नै नभएको पत्रिकामा प्रकाशित सूचनाका आधारमा टाढाको जिल्लाबाट आवेदन पर्नु नै शंकास्पद रहेको उनको भनाइ छ।

वित्तीय साक्षरतातर्फ रोशनकुमार झाले एकल आवेदन दिएको भए पनि त्यसैका आधारमा प्रक्रिया अघि बढाइएको भन्दै उनले प्रश्न उठाएकी छन्। २०८२ वैशाख ७ गते प्रमुख प्रशासकीय अधिकृत नविनकुमार श्रीवास्तवद्वारा हस्ताक्षरित पत्रमार्फत ती आवेदकलाई अन्तर्वार्ताका लागि बोलाइएको थियो । तर, उक्त प्रक्रिया लोकसेवा आयोगको पदपूर्ति सम्बन्धी मापदण्ड विपरीत रहेको झाको दाबी छ।

"मलाई हटाउनै थियो भने औपचारिक रूपमा जानकारी दिन सकिन्थ्यो। खुला प्रतिस्पर्धा गराइएको भए म पनि आवेदन दिन्थें," उनले भनिन्, "तर नियत नै आफ्नै मान्छे राख्ने भएपछि गैरकानुनी बाटो अपनाइयो।"

अन्यायपूर्ण रूपमा आफूलाई बाहिरिएको भन्दै उनले सम्बन्धित निकायमा प्रमाणसहित उजुरी दिइसकेको जानकारी दिएकी छन्। प्रमुख प्रशासकीय अधिकृत श्रीवास्तवले सम्पूर्ण आरोपको खण्डन गर्दै नियमानुसार काम भएको दावी गरेका छन्।

# चुरे विनाश रोक्न १५ अर्ब खर्च

**विसं २०७१ असार २ गते स्थापना भएको समितिले आर्थिक वर्ष २०८०/८१ सम्म १४ अर्ब ९६ करोड खर्च गरेको छ । समितिले यस अवधिमा वित्तीय प्रगति ८८ दशमलव ९३ र भौतिक प्रगति ९१ दशलवल ८४ प्रतिशत दाबी गर्दै आएका छन् । तर चुरे विनाशको क्रममा हेर्दा त्यो कागजमै सिमित रहेको देखिन्छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम। तराई मधेशका लागि पानी भरणको महत्व बोकेका चुरे क्षेत्रमा विनाशसँगै पानीको समस्या बढ्दै गएको छ। चुरे क्षेत्रको विनाश रोक्न गठित राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समिति स्थापना भएयता १० वर्षमा झण्डै १५ अर्ब खर्च भइसकेको छ। तर चरे विनाश रोकिएको छैन।



समितिले यस अवधिमा गरेको खर्च उद्देश्यअनुसारको उपलब्धिबारे समिक्षा हुन थालेको छ । विसं २०७१ असार २ गते स्थापना भएको समितिले आर्थिक वर्ष २०८०/८१ सम्म १४ अर्ब ९६ करोड खर्च गरेको छ । समितिले यस अवधिमा वित्तीय प्रगति ८८ दशमलव ९३ र भौतिक प्रगति ९१ दशलवल ८४ प्रतिशत दाबी गर्दै आएका छन्। तर चुरे विनाशको क्रममा हेर्दा त्यो कागजमै सिमित रहेको देखिन्छ।

समितिमा मासिक तलब सुविधा लिने छ पदाधिकारीसहित १२४ जना कर्मचारीको दरबन्दी रहेकामा हाल ८६ जनाको पदपूर्ति रहेको छ । समितिले हालसम्म एक हजार ४५९ स्थानमान गल्छी, पहिरो, खहरे नियन्त्रण, १६६ हेक्टर भिरालो कृषि भूमिमा बहुवर्षिय बाली विस्तार गरेको समितिका अध्यक्ष डा किरण पौडेलले जनाएको छ । त्यस्तै पाँच हजार २३० हेक्टरमा हरियाली प्रवर्द्धन कार्यक्रम गरेको र दुई करोड ९३ लाख ४९ हजार विरुवा उत्पादन र वितरणलाई समितिले उपलब्धि दाबी गर्दै आएका छन्।

ललितपुरमा केन्द्रीय कार्यालय रहेको समितिले मुलुकभर सलकपुर, जनकपुर, चितवन, बुटवल र लम्कीमा कार्यक्रम कार्यान्वयन इकाई स्थापना गरी काम गर्दै आएको जनाएको छ। चुरे क्षेत्र सात प्रदेशका ३७ जिल्ला र ३२५ स्थानीय तहमा फैलिएको छ।

स्थापनाकालदेखि नै विभिन्न विवाद र चुनौतीको सामना गर्दै आएका छन्। राजनीतिक हस्तक्षेपको सामना गर्नुपरेको गुनासो गर्दै आएका समितिका पदाधिकारीहरु आफैं बेला-बेला भ्रष्टाचार र अनियमितताको आरोप पनि खेप्दै आएको छ। हाल समितिका दुई पदाधिकारीको नियुक्तिमा अयोग्यता पुष्टि भएपछि अदालतको आदेशानुसार पदमुक्त भएका छन्।

सामुदायिक वन उपभोक्ता महासंघ नेपालले समुदायलाई वेवास्ता गरी समितिको स्थापना भएको भन्दै सुरुदेखि नै विरोध जनाउँदै आएको छ। महासंघका अध्यक्ष ठाकुर भण्डारीले समितिका काम स्थानीय जनतासँग नजोडिएको भन्दै समिति जनतामाथि शासन गर्न गठन गरिएको टिप्पणी गरेका छन्।

चुरे क्षेत्रमा बढ्दो माटो कटान, पहिरो र नदीजन्य पदार्थ (बालुवा, गिट्टी) को अत्यधिक उत्खननका कारण भूमिगत पानी (भू-जल) घट्ने जोखिम तीव्र रुपमा बढ्दै गएको छ । समितिले २०२३ प्रकाशित गरेको अनुसन्धान संक्षेप चुरे क्षेत्रको कमजोर भू-संरचना र मानवीय गतिविधिले पानी जमिनमा सोसिने प्राकृतिक प्रणाली नै कमजोर बन्दै गएकाले चुरे-भावरबाट दक्षिण पानीको संकट बढेका भनेका छन्।

गत वर्ष असारमै वीरगन्ज र जनकपुर जस्ता मधेश क्षेत्रमा पिउने पानीको संकट भएको थियो। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली सरकारले गत वर्षको ७ साउनमा लामो समयदेखि सुक्खाग्रस्त भएपछि मधेश प्रदेशलाई नै विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेपनि निराकरणका लागि केही गरेनन्।

वातावरणविज्ञ विजय सिंह दनुवार मलेरिया उन्मूलनसँगै तराईमा ल्याइएको पुनर्वास कार्यक्रमका कारण चुरे विनाश, पूर्वपश्चिम राजमार्ग निर्माण गरिँदा भएको वन फँडानी, क्रसर उद्योग र डोजर जथाभावी सञ्चालन जस्ता कारणले पानीको स्रोत सुक्दै गएको बताउँछन्।

चुरेबाट रसाउने पानीलाई बस्ती विकासका क्रममा बनेका कंक्रिट भवन र कालोपत्र सडकले खोलामा मिसाइदिने गरेका छन्। जसले गर्दा पानी सोझै बगेर जान्छ, जमिन सिञ्चित हुँदैन। 'यसले दुईखाले संकट ल्याएको छ। एउटा पानी रिचार्ज हुन पाएन। अर्को खोलामा पानीको बहाव बढ्दा बाढी र पहिरो निम्त्याएको छ,' दनुवारले भने।

# नि:शुल्क छात्रवृति प्रक्रिया शुरु



**टुडे समाचारदाता**

जनकपुरधाम। कक्षा १ देखि १० सम्म अध्ययन गर्ने विद्यार्थीहरूका लागि जनकपुरधाम उपमहानगरपालिकाले निःशुल्क छात्रवृत्ति प्रदान गर्ने प्रक्रिया अगाडि बढाएको छ। त्यसका लागि आवेदन फाराम भर्ने सूचना जारी गरेको छ।

उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाका अनुसार संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि-२०८१ अनुसार छात्रवृत्ति कोटा निर्धारण तथा आरक्षण व्यवस्था लागू गरी विद्यालयस्तरमै छनोट प्रक्रिया अघि बढाएको हो।

छात्रवृत्ति प्राप्त गर्न इच्छुक विद्यार्थीहरूले आफू अध्ययन गरिरहेको वा अध्ययन गर्न चाहेको विद्यालयमै गएर आवेदन फाराम भर्नुपर्ने व्यवस्था गरिएको छ। सूचना अनुसार आवेदन फाराम भर्ने अवधि बैशाख २१ गतेदेखि ३१ गतेसम्म तोकिएको छ।

छात्रवृत्तिका लागि प्रवेश परीक्षा जेठ ३ गते बिहान ८ बजेदेखि सम्बन्धित विद्यालयमै सञ्चालन हुनेछ। परीक्षाको नतिजा जेठ ७ गते प्रकाशन गरिने जनाइएको छ। उपमहानगरपालिकाले सबै सम्बन्धित विद्यार्थी, अभिभावक तथा सरोकारवालालाई समयमै आवेदन प्रक्रिया पूरा गर्न आग्रह गरेको छ।

# चिकित्सक संघ मधेशको संयोजकमा डा. मिश्र

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल चिकित्सक संघ (एनएमए) को सम्पन्न निर्वाचनबाट मधेश प्रदेशको संयोजकमा डा. अमित रञ्जन मिश्र निर्वाचित भएका छन्।

संयोजक पदका लागि डा. मिश्रसहित डा. उदयनारायण सिंह र डा. मोहम्मद इनामुल हक प्रतिष्पर्धामा थिए । डा. मिश्रले ३ हजार ९९ मत ल्याई विजयी भएका छन् भने अन्य प्रतिष्पर्धी डा. सिंहः २ हजार ९४ मत र डा. हकले ९४३ मत ल्याएका थिए।

संघको केन्द्रिय कमिटीमा डा. बद्री रिजाल नेतृत्वको प्यानलले भारी बहुमतसहित जित हासिल गरेको छ। पछिल्लो मत परिणाम अनुसार दुई जना उपाध्यक्ष र तीन जना सदस्य पद बाहेक अन्य सबै महत्वपूर्ण पदहरूमा डा. बद्री प्यानलका उम्मेदवारहरू विजयी भएका छन्।

१९ सदस्यीय कार्यसमितिमा अधिकांश पदमा टिम बद्रीका उम्मेदवारले जित हासिल गरेका छन्। निर्वाचनमा टिम बद्री, टिम मंगल र



टिम रिफर्मका गरेर ५६ जना चुनावी मैदानमा थिए।

निर्वाचनको अन्तिम मतपरिणाम अनुसार अध्यक्षमा डा. बद्री रिजाल, वरिष्ठ उपाध्यक्षमा डा. सञ्जीव तिवारी, महासचिवमा डा. विश्वराज दवाडी, कोषाध्यक्षमा डा. संयुक्त आचार्य, सह-कोषाध्यक्षमा डा. तेजसु सिंह मल्ल र सहसचिवमा डा हुलास अग्रवाल विजयी भएका छन्।

प्यानलगत रूपमा हेर्दा डा. रिजालको टोलीले सात मध्ये पाँच प्रदेशका उपाध्यक्ष तथा प्रदेश संयोजक पदमा जित निकाल्न सफल भएको छ । डा बद्री प्यानलबाट कोशी प्रदेशमा डा. रोशन खड्का, मधेश प्रदेशमा डा. अमित रञ्जन मिश्र, बागमतीमा डा. सुवास भट्टराई, लुम्बिनी प्रदेशमा डा. नन्दा कुमारी गुरुङ र सुदूरपश्चिममा डा. प्रमोद जोशीले जित हासिल गरेका छन्।

गण्डकीमा डा. यज्ञराज सिग्देल र कर्णालीमा डा. रबिन खड्काले जित निकालेका छन्। उनीहरु दुबै जना टिम मंगलका उम्मेदवार हुन् । सदस्यहरूमा डा बद्रीको टिमबाट ३ जनाले जित हासिल गरेका छन् भने डा मंगलको टिमबाट दुई र एक जना टिम रिफर्मका उम्मेदवारले जित हासिल गरेका छन्।

सदस्यतर्फ टिम बद्रीबाट डा राकेश साह, डा सुस्मित काफ्ले र डा बिना श्रेष्ठले जित हासिल गरेका छन्। टिम मंगलबाट डा अमित झा र डा पल्पसा श्रेष्ठले जितेका छन् भने टिम रिफर्मबाट डा शेषराज घिमिरेले जित हासिल गरेका छन्।

# ऐन संशोधन बारे छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशसभा अन्तर्गतको अर्थ तथा योजना समितिकोनियमित बैठक सम्पन्न भएको छ।



मंगलबार बिहान बसेको बैठकमा प्रदेश नीति आयोग गठन तथा कार्यसञ्चालन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकमाथि विस्तृत छलफल गरिएको हो।

बैठकमा सहभागी सांसदहरूले प्रस्तावित संशोधनका विभिन्न पक्षमा धारणा राख्दै ऐनलाई समयानुकूल र प्रभावकारी बनाउन आवश्यक सुझाव प्रस्तुत गरेका थिए।छलफलका क्रममा नीति आयोगको संरचना,कार्यक्षेत्र तथा कार्यान्वयन पक्षलाई अझ सुदृढ बनाउने विषयमा जोड दिइएको थियो।

समितिका सभापतिले बैठक सफलतापूर्वक सम्पन्न भएको जनाउँदै छलफलमा सहभागिता जनाउने सम्पूर्ण सदस्यहरू तथा सम्बन्धित सरोकारवालाप्रति धन्यवाद व्यक्त गरेकी छन्।

# फरार ११ प्रतिवादी पक्राउ

**टुडे समाचारदाता**

राजविराज । विभिन्न आपराधिक मुद्दाका फरार ११ जना प्रतिवादीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीले मंगलबार एक प्रेस विज्ञप्ति जारी गरी ज्यान मार्ने उद्योग, लागु औषध, लुटपाट, सवारी ज्यान तथा अभद्र व्यवहारसम्बन्धी मुद्दाका फरार प्रतिवादीहरूलाई नियन्त्रणमा लिइएको जनाइएको छ।




प्रहरीका अनुसार लुटपाट मुद्दामा खडक नगरपालिका-५ का राजोदेवी कुमारी मण्डल, कारीदेवी मण्डल, रामदुलार मण्डल, रिताकुमारी मण्डल, दिपेशकुमार मण्डल, सेवरीदेवी मण्डल र रञ्जनाकुमारी मण्डल पक्राउ परेका छन्। उनीहरूलाई जनही १९६ रुपियाँ जरिबाना तोकिएको थियो।

यस्तै, लागु औषध मुद्दामा दुई दिन कैद सजाय तोकिएका राजविराज-७ का धीरेन्द्रकुमार साहलाई पनि पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका सबैलाई कैद तथा जरिबाना भुक्तानका लागि सोमबार नै सप्तरी जिल्ला अदालत, राजविराजमा बुझाइएको प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिएका छन्।

तयसैगरी, सवारी अंगभंग मुद्दामा तिरहुत गाउँपालिका-५ का २० वर्षीय शिवशङ्कर यादव, ज्यान मार्ने उद्योग मुद्दामा सुरुङ्गा नगरपालिका-९ का ४० वर्षीय काशिन्द्र साह तथा अभद्र व्यवहार मुद्दामा चितवन राप्ती नगरपालिका-९ का ३० वर्षीय रामबहादुर विश्वकर्मालाई समेत नियन्त्रणमा लिइएको प्रहरी नायब उपरीक्षक पुरीले जनाएका छ्न । उनका अनुसार पक्राउ परेका प्रतिवादीविरुद्ध थप अनुसन्धानका लागि जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरिएको छ।

# ब्रिटिश एम्बेसी टोलीसँग अन्तर संवाद

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको विकास अवस्था, चुनौती र सम्भावनाबारे काठमाडौंस्थित ब्रिटिस एम्बेसीको एक टोलीले जनकपुरधाममा पत्रकारहरूसँग अन्तरसंवाद गरेको छ।



अन्तरसंवादमा प्रस्तुत अध्ययन अनुसार मधेश प्रदेश जनसंख्याको दृष्टिले नेपालको सबैभन्दा ठूलो प्रदेश भएतापनि मानव विकास सूचकांक, पूर्वाधार र गरिबीका सूचकमा निकै कमजोर रहेको छ।

मधेश प्रदेशको जनसंख्या करिब ६१ लाख १० हजार रहेको, जुन नेपालको कुल जनसंख्याको २०.९७ प्रतिशत रहेको अध्ययनले देखाएको छ। प्रतिवर्ग किलोमिटर ६३३ जनसंख्या घनत्वसहित मधेश देशकै सबैभन्दा बाक्लो जनसंख्या भएको प्रदेश मानिएको छ।

अध्ययनअनुसार मधेश प्रदेशको मानव विकास सूचकांक ०.५१ रहेको छ, जुन सातै प्रदेशमध्ये सबैभन्दा कम हो। बहुआयामिक गरिबी दर २४.२ प्रतिशत रहेको उल्लेख गर्दै आर्थिक वर्ष २०२३/२४ मा नेपालको कुल गार्हस्थ उत्पादनमा मधेशको योगदान १३.१ प्रतिशत रहेको तथ्य प्रस्तुत गरिएको छ।

मधेश विकासका चार प्रमुख आधारबारे पत्रकारहरूसँग एम्बेसीका जगदीश पौडेल, रत्नाकर झा, अजयचन्द लाल र रिता शाहसहितको टोलीले धारणा आदानप्रदान गरेको छ । टोलीले सुशासन र राजनीतिक व्यवस्थापन सुधार, प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धि, प्रभावकारी सेवा प्रवाह, सामाजिक समावेशिता, आर्थिक रूपान्तरण, निजी क्षेत्रसँग सहकार्य, रोजगारी विस्तार तथा डिजिटल प्रणाली र तथ्यांक पूर्वाधार सुदृढीकरणमा जोड दिएका थिए।

कार्यक्रममा सहभागी पत्रकार हरूले भने मधेश प्रदेशलाई संघीय सरकारदेखि निजी क्षेत्रसम्मले अपेक्षित रूपमा प्राथमिकता नदिएको गुनासो गरेका थिए। कृषि, पर्यटन र उद्योगको प्रचुर सम्भावना हुँदाहुँदै पनि राज्यको उदासीनताका कारण मधेश हरेक क्षेत्रमा पछि पारिएको पत्रकारहरुले बताएका थिए। पत्रकार हरूले कुनै समय देशका ७२ प्रतिशत उद्योग मधेशमै केन्द्रित रहेको, ७१ प्रतिशत राजस्व यहीँबाट संकलन हुने गरेको र शिक्षा क्षेत्रसमेत बलियो रहेको स्मरण गर्दै संघीयतापछि केही पूर्वाधारमा सुधार भए पनि जनताको आत्मनिर्भरता र उत्पादनमुखी विकासमा अपेक्षित उपलब्धि हासिल हुन नसकेको गुनासो गरेका थिए।

तीन तहका सरकार भएपनि प्रदेश र स्थानीय तहमा पर्याप्त कर्मचारी अभावका कारण जनप्रतिनिधिले चाहेजस्तो काम गर्न नसकेको विषय पनि अन्तरसंवादमा उठान गरिएको थियो। सो कार्यक्रममा कृषि क्षेत्रका लागि समयमा मलखाद उपलब्ध नहुनु, पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्द्धनमा बेवास्ता हुनु, उद्योग सञ्चालनका लागि अनुकूल वातावरण नबन्नुले लगानीका लागि प्रभावकारी पहल हुन नसकेको पत्रकारहरुले जानकारी गराएका थिए।

# काठ उत्पादनमा बृद्धि

**टुडे समाचारदाता**

रौतहट। दिगो वन व्यवस्थापन कार्यक्रम रौतहट जिल्लामा प्रभावकारी बन्दै गएको छ । यो कार्यक्रमले काठ उत्पादनमा उल्लेखनीय वृद्धि भएको दाबी गरिएको छ । आर्थिक वर्ष २०८२/८३ को चैत्र मसान्तसम्म करिब ५४ हजार क्युफिट काठ उत्पादन भएको डिभिजन वन कार्यालय रौतहटले जनाएको छ।



यस वर्ष चन्द्रपुर-४ र ६ को हातेमालो, चन्द्रपुर-३ का तिलेश्वरनाथ र भोर्लेनी सामुदायिक वन तथा रङ्गपुर साझेदारी वनमा दिगो व्यवस्थापन कार्यक्रम लागू गरिएको छ। डिभिजन प्रमुख हेमन्त कुमार साहका अनुसार ती वन क्षेत्रबाट मात्रै ४३ हजार ७२२ क्युफिट काठ र ८४ चट्टा दाउरा उत्पादन भएको छ।


हातेमालोबाट ८,८६४ क्युफिट, भोर्लेनीबाट १०,०२५ क्युफिट, तिलेश्वरनाथबाट ७,५०६ क्युफिट र रङ्गपुर साझेदारी वनबाट १७,३२७ क्युफिट काठ उत्पादन भएको तथ्यांक छ । आगामी आर्थिक वर्षमा चन्द्रनिगाहपुरका जन चाहना र जनएकता सामुदायिक वनमा पनि कार्यक्रम विस्तार गर्ने योजना रहेको कार्यालयले जनाएको छ।

वन संरक्षणलाई सुदृढ बनाउन ८० हजार जडीबुटी, १ लाख ६० हजार ८०१ एकवर्षीय र २ लाख बहुवर्षीय बिरुवा उत्पादन भइरहेको छ। साथै वन पैदावार आपूर्ति समितिमार्फत १,४२६ क्युफिट काठ बिक्री गरिएको छ र माग अनुसार काठ उपलब्ध गराइँदै आएको छ।

यता, वन अतिक्रमण भने गम्भीर चुनौतीका रूपमा कायम छ। जिल्लामा हालसम्म ३ हजार १९० हेक्टर वनक्षेत्र अतिक्रमणको चपेटामा परेको छ । तीमध्ये १,४२५ हेक्टर चुरे क्षेत्र र १,७४६ हेक्टर भावर तथा तराई क्षेत्रमा अतिक्रमण फैलिएको छ।

डिभिजन वन कार्यालयका प्रमुख हेमन्तप्रसाद साहका अनुसार अतिक्रमित क्षेत्रमा व्यवस्थित वन १,३२८ हेक्टर, सामुदायिक वन ७५४ हेक्टर, साझेदारी वन ९०५ हेक्टर र सागरनाथ वृक्षरोपण क्षेत्र २०१ हेक्टर रहेको छ।

रौतहटमा ३० हजार १७७ हेक्टर (२९ प्रतिशत) भूभाग वनले ओगटेको छ। जिल्लामा ४३ सामुदायिक वन, ३ साझेदारी वन, ४ धार्मिक वन र एउटा ब्लक फरेस्ट व्यवस्थापन वन रहेका छन्। वन कार्यालयले अतिक्रमण हटाउन आवश्यक प्रक्रिया अघि बढाएको जनाएको छ। राज्यको नीतिअनुसार चरणबद्ध रूपमा अतिक्रमित क्षेत्र खाली गराइने तयारी भइरहेको प्रमुख साहले जानकारी दिएका छन्।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८